मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

आवश्यकता
वेटर (Waiter) :- ४ जना
रिसेप्सन (Frong Deskt) :- ४ जना
किचेन हेल्पर :- ४ जना
एकाउन्टेण्ट :- १ जना
कुक :- २ जना
(जनकपुरको लागि)
खान र बस्नको व्यवस्था गरिएको छ ।
सम्पर्क नं.-
9801960670, 9801620064

● वर्ष २ ● अंक १७६ ● २०८१ साल जेठ ०३ गते बिहिबार ● Thursday 16, May 2024 ● सूर्योदय: बिहान ५:१७ बजे ● सूर्यास्त: साँझ ६:४७ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सन्दीपलाई सफाइ

**सरकारी पक्षको दाबी प्रमाणित नहुने र संलग्न सबुदप्रमाणले जबर्जस्ती करणी गरेको पुष्टि नगर्ने देखिएको भन्दै अदालतले सन्दीप लामिछानेलाई सफाइ दिएको छ ।**



### घटनाक्रम

२०७९ भदौ ५ गतेः काठमाडौँ, सिनामंगलको एक होटलमा घटना
२०७९ भदौ २१ गतेः उजुरी दर्ता
२०७९ भदौ २३ गतेः राष्ट्रिय क्रिकेट टोलीबाट निलम्बन
२०७९ असोज २० गतेः त्रिभुवन विमानस्थलबाट पक्राउ
२०७९ कात्तिक १४ गतेः जिल्ला अदालतमा मुद्दा दर्ता
२०७९ पुस २८: उच्च अदालतद्वारा २० लाख रुपैयाँ धरौटी लिएर तारेखमा रिहा
२०७९ माघ १८ गतेः क्यानद्वारा निलम्बन फुकुवा
२०७९ फागुन १६ गतेः सर्वोच्चद्वारा क्रिकेट खेल्न पाउने अनुमति
२०८० असार ११ गतेः गौशाला–२६ लाई राहतस्वरूप उपचार खर्च दिन आदेश
२०८० पुस १३ गतेः जिल्ला अदालत काठमाडौँद्वारा दोषी ठहर
२०८० पुस २५ गतेः जिल्ला अदालतद्वारा आठ वर्ष जेल सजाय तथा जरिवाना
२०८० फागुन गतेः सन्दीपद्वारा उच्च अदालतमा पुनरावेदन
२०८० चैत १ गतेः सरकारी वकिलद्वारा उच्च अदालतमा पुनरावेदन
२०८१ जेठ २ गतेः उच्च अदालतद्वारा निर्दोष ठहर

**महेश कठायत**
**वीरगंज ।**
क्रिकेटर सन्दीप लामिछानेले जबर्जस्ती करणी मुद्दामा सफाइ पाएका छन् । उच्च अदालत पाटनले जिल्ला अदालतको फैसला उल्ट्याउँदै सन्दीपलाई सफाइ दिएको हो । बुधबार उच्च अदालतका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीको संयुक्त इजलासले यसअघि जिल्ला अदालत काठमाडौँले गरेको फैसलालाई उल्ट्याउँदै लामिछानेलाई सफाइ दिएको हो । मंगलबार मुद्दाको सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा राखिएको थियो । मंगलबार बाँकी रहेको बहस बुधबार निरन्तर भएको हो । बुधबार दुवै पक्षका कानुन व्यवसायीका तर्फबाट बहस सकिएपछि अदालतले फैसला सुनाएको हो ।

उच्च अदालतका प्रवक्ता बिमल पराजुलीले सरकारी पक्षको दाबी प्रमाणित नहुने र संलग्न सबुदप्रमाणले जबर्जस्ती करणी गरेको पुष्टि नगर्ने देखिएको भन्दै अदालतले लामिछानेलाई सफाइ दिएको बताए । अदालतले गरेको फैसला सुनाउँदै प्रवक्ता पराजुलीले भने, 'जिल्ला अदालत काठमाडौँबाट २०८० पुस १३ गते कसुर निर्धारण भई २०८० पुस २५ गते सजाय निर्धारण गर्ने गरी भएको फैसला मिलेको नदेखिँदा उल्टी बदर भई निज प्रतिवादी उपरको बादी नेपाल सरकारको अभियोग मागदाबी नपुगेकाले निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ ।' लामिछानेलाई सफाइ दिनुको आधार र कारणबारे पूर्णपाठमा मात्रै विस्तृत विवरण खुल्ने उनले बताए ।
जबर्जस्ती करणीको मुद्दामा सफाइ पाएका क्रिकेटर लामिछानेले अदालतको फैसलालाई सम्मान गरेर अगाडि बढ्ने प्रतिक्रिया दिएका छन् । सफाइ पाएपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै सन्दीपले आफूलाई फसाएर दोषी करार गरिएको बताए । उनले भने, 'धेरै तरिकाले फसाएर नभएको अपराधको दोषी करार गरिएको थियो । फाइनल्ली यहाँ आइपुगेका छौँ । जति हुनसक्छ आगामी

बाँकी पृष्ठ २ मा




## मधेशमा जनमतद्वारा मुख्यमन्त्री माग




**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले र नेकपा माओवादी केन्द्रले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै आफ्ना मन्त्री फिर्ता बोलाएपछि नयाँ गठबन्धनको गाँठो फुकाउन दुवै दललाई समस्या परेको छ । एमाले, माओवादी, लोसपा र जसपाको ५४ मतले सरकार बनाउन बहुमत पुग्ने भन्दै छलफल पनि गरेका चार दल अहिले चारतिर भएका छन् । अर्कातिर जसपा नेपालका मुख्यमन्त्री सरोजकुमार यादवले पाँचौँपटक आफैँले विश्वासको मत पाउने दाबी गर्दै विश्वासको मतको सामना गर्ने भनेपछि मधेश सरकार निर्माण अरु पेचिलो बनेकै छ ।
वैशाख ३० गते एमाले र माओवादीले मधेश प्रदेश सरकारलाई दिइएको समर्थन फिर्ता लिएका हुन् । समर्थन फिर्ता लिइएको पाँचौं दिन पुग्दा सरकार निर्माणमा दुवै दलले तदारुकता देखाउन सकेका छैनन् । शुरुका दिन आफूहरुसँग लोसपा र जनमत रहेको र दुवै दलको मत जोड्दा बहुमतको सरकार बनाउन सकिने भनेपछि उनीहरुबीचको मुख्यमन्त्री हुने भन्नेमा छलफल नै शुरु भएको छैन । शुरुमा जनमत र लोसपाले सरकारलाई दिइएको समर्थन फिर्ता लिएपछि छलफल गर्न सकिन्छ भने पनि एमाले र माओवादीले दुवै दललाई विश्वस्त बनाएर आफ्नो नेतृत्वमा ल्याउन सकेका छैनन् । एमालेले पनि मुख्यमन्त्रीमा दाबी गरेपछि माओवादीको पनि दाबी कायम रहँदा मधेशमा अब मुख्यमन्त्री जनमतले पाउनु पर्छ भन्ने आवाज उठेपछि चार दलबीचको सम्वाद घनिभूत हुनुको साटो पातलिँदै गएको हो । लोसपा संसदीय दलका नेता जितेन्द्र सोनल काठमाडौँ गएपछि एमाले–माओवादीले लोसपासँग पनि वार्ता अघि बढाएका छैनन् ।
उता, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले लोसपा अध्यक्ष महन्थ ठाकुरलाई भेटेर सरकार निर्माणमा सहयोग गर्न भनेपछि पनि एमाले–माओवादी सरकार निर्माणमा जनमत र लोसपाको समर्थन जुटाउने गरी लाग्न सकेका छैनन् । यद्यपि महन्थ ठाकुरले उपेन्द्र यादवलाई तत्कालका लागि सरकार बनाउने काममा समर्थन दिन नसकिने बताएर पठाएका थिए । ठाकुरले यादवलाई निरास जस्तै बनाएर पठाएको लोसपाका एक नेताले बताए । उपेन्द्रको हारगुहारलाई ठाकुरले सुन्नु भएन, मधेशको राजनीतिमा आफू मात्रै शक्तिशाली ठान्दा यस्तो स्थितिमा पुगेपछि गुहार माग्नु उचित नभएको भन्दै ठाकुरले यादवसँग असन्तुष्टि राम्रै पोखेको ती नेताले बताए ।
यता, जनमत पार्टी भने मधेशमा आफ्नो नेतृत्वमा सरकार निर्माणमा जुटेको छ । केन्द्र गठबन्धनमा सहभागी नरहेको जनमत पार्टीबारे एमाले र माओवादीले केन्द्रमा केही बताएको छैन । नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा लैजाने तयारी गरिरहेको एमाले–माओवादीले जनमतबारे केही निर्णय नगरेकाले मधेश सरकारमा एमाले माओवादीलाई सघाउन उ तयार भएको छैन । बरु आफ्नो नेतृत्वमा सरकार बनाउन उसले जुनसुकै दलसँग पनि सहकार्यको हात फैलाएको छ । जनमतका पर्साका नेता ओमप्रकाश सर्राफले भने, 'मुख्यमन्त्री नै चाहिने अवस्था बन्यो, मन्त्री मात्रै भएर प्रदेशका जनताको मुद्दा सम्बोधन गर्न नसकिने अवस्था रहेछ भन्ने पहिले सरकारमा गएर अनुभव भएकाले अहिले जनमत मधेशमा मुख्यमन्त्री लिने रणनीतिमा छ ।' उनले भने, 'मुख्यमन्त्री पार्टी संसदीय दलका नेता पनि हुने अभ्यास भएकाले व्यक्तिका विषय गौण हुन्, तर मुख्यमन्त्री चैँ जनमतको हुनुपर्छ भनेर हामी छलफलमा जुटेका छौँ, सबै दलसँग सहकार्यका लागि तयार भएका छौँ ।'
जनमतले मुख्यमन्त्री नपाए केन्द्र सरकारमा पनि समर्थन दिन नसक्ने बताइएको छ । मधेशमा जसपा नेपाललाई मुख्यमन्त्री दिने शर्तमा केन्द्रमा गठबन्धन बनेपछि जनमत मधेश र केन्द्र सरकारबाट बाहिरिएको थियो । अहिले मधेशमा मुख्यमन्त्री पाए केन्द्र सरकारलाई समर्थन दिन सकिने जनमतको बटमलाइन छ । तर एमाले अध्यक्ष केपी ओली र माओवादीका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नागरिक उन्मुक्ति पार्टीलाई जति पनि जनमतलाई प्राथमिकता नदिएपछि जनमत मधेशमा एमाले माओवादी नेतृत्वको सरकारमा सहभागी हुने विषयमा मौनता साधेर मुख्यमन्त्री मागिरहेको छ । जनमतको बार्गेनिङपछि लोसपाका नेताहरु पनि एमाले माओवादीलाई समर्थनका पक्षमा खुलिसकेका छैनन् ।

## महतोद्वारा रणनीति बनाउन भेला आह्वान



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय मुक्ति क्रान्ति अभियानका नेता राजेन्द्र महतोले देशभरका समर्थक नेता तथा कार्यकर्तालाई काठमाडौँमा बोलाएका छन् । बिहीबारदेखि काठमाडौँमा हुने तीन दिने भेलामा देशभरका अगुवा नेता तथा कार्यकर्ता सहभागी हुने अभियानका नेता सन्तोष मेहताले जानकारी दिए ।
लोसपा परित्याग गरेर पछिल्लो समय राष्ट्रिय मुक्ति क्रान्ति अभियान चलाइरहेका महतोले मधेशसहित आदिवासी जनजातिको संयुक्त सहभागितामा काठमाडौँमा तीन प्रदर्शनसमेत गरिसकेका छन् । बितेको फागुन–चैतमा महतोले पूर्व मेचीदेखि पश्चिम महाकाली पुगेर प्रशिक्षण चलाइसकेका छन् ।
मेहताका अनुसार, काठमाडौँ केन्द्रित प्रदर्शन र सबै जिल्लाको प्रक्षिणण सकिएपछि महतो थप रणनीतिबारे छलफल गर्न तीन दिने भेलामा जुटेका हुन् । भेलामा सहभागीले दिने सुझावका आधारमा महतोले आगामी रणनीति बनाउने बुझिएको छ ।

## जसपा नेपालको मुद्दामा अल्पकालीन आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल विभाजनविरुद्ध अध्यक्ष उपेन्द्र यादवले दर्ता गरेको रिटमा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेर दुवै पक्षलाई बोलाएको छ । अध्यक्ष यादवले वैशाख २३ गते भएको पार्टीविभाजनविरुद्ध निर्वाचन आयोगसमेतलाई विपक्षी बनाएर दायर गरेको रिटमा अल्पकालीन आदेश भएको हो ।
सर्वोच्चले निर्वाचन आयोगको निर्णय यथास्थितिमा राख्न भन्दै दल विभाजनपछि हालसम्मका काम कारबाही जहाँ जे–जस्तो अवस्थामा छन्, त्यही अवस्थामा राखेर जेठ ८ गते छलफलका लागि उपस्थित हुन दुवै पक्षलाई बोलाएको छ ।
अशोक राई नेतृत्वको जसपा दर्ता गर्ने निर्वाचन आयोगको निर्णय बदरको माग गर्दै जसपा नेपालका अध्यक्ष यादवले सर्वोच्चमा रिट दायर गरेका थिए । वरिष्ठ नेता अशोक राईले ७ सांसद लिएर वैशाख २३ गते जनता समाजवादी पार्टी गठन गरेका थिए ।

## निर्देशिका र मापदण्ड विपरीत स्कूल बस

**एसपी गौरव**
**सर्लाही ।**
निजी विद्यालयहरुले सञ्चालन गरेका स्कूल बसहरुको मनोमानी बढेको छ । जिल्लाभर सञ्चालनमा रहेका निजी विद्यालयहरुले सञ्चालन गरेका स्कूल बसहरु नियमविपरीत र मापदण्ड मिचेर सञ्चालन भइरहेका छन् ।
तीव्र गति र क्षमताभन्दा बढी विद्यार्थी बोक्दा बेलाबखत स्कूल बस दुर्घटनामा पनि पर्ने गरेका छन् । तर निजी स्कूल सञ्चालक र ट्राफिक प्रहरी बेखबर देखिने गरेका छन् । सर्लाहीभर निजी विद्यालयका सयौँ स्कूल बस सञ्चालनमा रहेको र कुनै पनि स्कूल बस नियम र मापदण्डमा नरहेको पाइएको छ । 'जिल्लाका प्रायः संस्थागत र केही सामुदायिक विद्यालयले स्कूल बस सेवा सञ्चालन गरेका छन्, बालबालिका बोकेर चल्ने स्कूल बस नियमविपरीत चल्ने गरेको भए पनि जिल्लाका विभिन्न स्थानमा चेकिङमा खटिएका ट्राफिक प्रहरीले स्कूल बसलाई वास्तै गर्दैनन्,' उक अभिभावकले भने ।
स्कूल बसले ट्राफिक नियम पालना नगर्दा र स्कूल बसको मापदण्ड पालना नगर्दा स्कूल बसहरु विभिन्न किसिमका दुर्घटनामा पर्ने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुर, सर्लाहीका प्रहरी प्रमुख प्रहरी निरीक्षक मदन थापाले बताए । 'तीब्रगति, हर्न धेरै बजाउने, जेब्रा क्रसिङमै रोकेर विद्यार्थी झार्ने तथा चढाउने गर्नुका साथै सिट क्षमता भन्दा बढी विद्यार्थी बोक्ने गरेको पाइएको छ, हामीले सचेत गराउने गरेका छौँ,' थापाले भने ।
सवारी चालक अनुमती पत्र

बाँकी पृष्ठ २ मा

## जानकी नवमीमा बिदा माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
त्रेतायुगमा आदिशक्ति सीताको जन्म भएका सम्झनामा जनकपुरधाममा मनाइने जानकी नवमी महोत्सवको तयारी पूरा भएको जानकारी मन्दिरले जनाएको छ ।
जानकी मन्दिरका उत्तराधिकारी महन्थ राम रोशन दासले आयोजना गरेको पत्रकार सम्मेलनमा जानकी महोत्सव ४ गते भव्यरुपमा मनाइने जानकारी दिए । उनले जानकी मन्दिरमा जन्मोत्सवको तयारीस्वरुप रामकथा र रामलिला भइरहेको जानकारी दिए । त्यसैगरी साँझ जानकी मन्दिरमा बधाई गायन कार्यक्रम भइरहेका छन् ।
उनले ४ गते बिहान जनकपुरका साधुसन्त सम्मलित दूधमती नदीमा शाही स्नान आयोजना गरिनेछ भने सोहीदिन जानकी मन्दिरमा दिउँसो महोत्सवका रुपमा बधाई गायन तथा विशेष आरतीसमेत आयोजना गरिने छ । दासले जानकी नवमीको अवसरमा राष्ट्रिय बिदा दिन माग गरे ।

# काठमाडौँमा जानकी जयन्ती मनाईंदै



मधेशदृष्टि
वीरगंज ।
आम जनता पार्टी(आजपा)ले काठमाडौँको बतिसपुतलीमा जानकी जयन्ती मनाउँदैछ । बिहीबार बिहान ९:३० बजे काठमाडौँको बतिसपुतलीस्थित श्रीरामचन्द्र मन्दिरमा विशेष कार्यक्रमको आयोजना गरिएको आजपाले जनाएको छ । बुधबार जारी प्रेस विज्ञप्तिमार्फत नेपालको राष्ट्रिय विभुति जगतजननी सीता जन्मोत्सवको पावन अवसरमाविगत ५ बर्षदेखि जानकी जयन्तीलाई विशेष समारोहका रुपमा मनाउदै आएको हुँदा जयन्तीलाई निरन्तरता दिइएको उल्लेख गरिएको छ । जयन्तीमा पूर्वमन्त्री पार्टी अध्यक्ष प्रभु साहको सहभागिता रहने र जानकी जयन्ती भव्य रुपमा मनाईने पार्टीका प्रवक्ता चन्द्रभुषण साहद्वारा जारी विज्ञप्तीमा उल्लेख छ ।

## आजपा र भन्सार विभागबीच ६ बुँदे सहमति



आम जनता पार्टी (आजपा) निकट आम सम्पर्क मञ्च, भन्सार विभाग र अर्थ मन्त्रालयबीच ६ बुँदे सहमति भएको छ । मंगलबार र बुधबार दुई दिन जारी छलफलबाट दुवै पक्ष सहमत भएर राजस्व तथा भन्सारको ऐन, नियमावलीमा देखिएको कमजोरीबारे बुझन अर्थ मन्त्रालयमा लेखी पठाउने सहमति भएको छ । आजपाले चौथो चरणको आन्दोलन अन्तरगत जेठ २० गतेदेखि निरन्तर भन्सार विभाग घेराउ गर्दै आएको थियो । आजपाले भन्सार नियमावलीमा रहेको ४५ प्रतिशत पुरस्कारको व्यवस्था खारेजीलगायतको माग गर्दै विभागमा धर्ना दिँदै आएको थियो । आजपाका अध्यक्ष प्रभु साहले भन्सार नियमावलीमा रहेको लुटकारी व्यवस्था खारेज हुनुपर्ने आफूहरूको माग रहेको भन्दै यसका लागि सरकार गम्भीर बन्नुपर्नेमा माग गर्दै आएका छन् ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो



मधेशदृष्टि
वीरगंज ।
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर सात रुपैयाँ र डिजेल तथा मट्टितेलमा प्रतिलिटर पाँच रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ७० रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ७१ रुपैयाँ कायम भएको छ ।

डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः एक सय ५१ रुपैयाँ ५० पैसा, एक सय ५३ रुपैयाँ र एक सय ५४ रुपैयाँ पुगेको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगंजलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रुपमा तोकेको छ । नयाँ मूल्य निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुनेछ ।

इण्डियन आयल कर्पोरेशन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलिमय पदार्थको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । आइओसीले बुधबार पेट्रोलको मूल्यमा प्रतिलिटर छ रुपैयाँ ७५ पैसा र डिजेलको मूल्यमा प्रतिलिटर पाँच रुपैयाँ नौ पैसाले घटाएर नयाँ बिक्री मूल्य पठाएको निगमले जनाएको छ ।

# नेपालबाट कश्मीर पुर्याएर बन्धक बनाइएका मजदुरको उद्धार

मधेशदृष्टि
वीरगंज ।
नेपालबाट मजदुरीका लागि भारतको कश्मीर पुऱ्याएर बन्धक बनाई काममा लगाइएका ३५ जनाको उद्धार गरिएको छ ।

सर्लाही, महोत्तरी र धनुषाका विभिन्न गाउँबाट राम्रो आम्दानीको प्रलोभन दिई दलालले उनीहरूलाई कश्मीर पुऱ्याएका थिए ।तर, कश्मीर लगेपछि उनीहरूसँग भएको नगद, नागरिकता र मोबाइल खेसेर ठेकेदारले पारिश्रमिक समेत नदिई दलालहरुले कुटपिट, डर धम्की देखाएर काममा लगाउँदै आएका थिए । दिल्लीस्थित नेपाली दुतावास र सामाजिक संस्था 'किन इन्डिया'को समन्वयमा सबै मजदुरलाई कश्मीरबाट उद्धार गरेर मंगलबार दिल्ली लगिएको छ । उद्धार गरिएका धनुषाका ३८ वर्षीय रञ्जित चौधरी आफूहरूसँग अमानवीय व्यवहार गरिएको बताए । सर्लाहीका अर्जुन सदाले कहिल्यै पनि राम्रो खाना नदिएको बताए । उनीहरूलाई परिवारसँगको सम्पर्कबाट टाढा राखिएको थियो । केही अगाडि मुस्किलले भाग्न सफल भएका दुई जना गाउँ पुगेपछि धेरै मजदुरहरू बन्धक बनाइएको कुरा सर्लाहीका सामाजिक कार्यकर्ता सरोज रायले थाह पाएका थिए । उद्धार कार्यमा जुटेका रायले आफूले परराष्ट्र मन्त्रालय, दुतावास र 'किन इन्डिया'लाई यस विषयमा सूचना दिएको बताए । उद्धार गरिएकामा सबैभन्दा बढी महोत्तरीका २३, सर्लाहीका ९ र बाँकी धनुषाका छन् । त्यसमा ६ जना नाबालकसमेत छन् । दुतावासका काउन्सिलर नेपाल प्रहरीका एसएसपी उमाप्रसाद चतुर्वेदीले उद्धार कार्यका लागि कश्मीर प्रहरीको सहयोग पाइएको र दोषीहरूलाई पक्राउ गरेर उनीहरूमाथि कानुनी कारबाहीका लागि समन्वय भइरहेको जानकारी दिए ।

# दश महिनामा ४३ करोड बढी सामान बरामद



मधेशदृष्टि
वीरगंज ।
जिल्ला प्रहरी कार्यालय पर्साले विगत दश महिनामा ४३ करोड रुपैयाँ भन्दा बढी मूल्य बराबरको सामान बरामद गरेको छ । चालु आर्थिक वर्षको १० महिनामा ४३ करोड ६४ लाख ३४ हजार ७९ रकम बराबरका राजस्व छलेर ल्याइएका सामान बरामद गरेको हो । जिल्लाका विभिन्न ठाउँबाट सो अवधिमा वैशाख महिनामा सबैभन्दा बढी छ करोड १३ लाख ६८ हजार रुपैयाँ मूल्यभन्दा बढी रकमका सामान बरामद गरिएको प्रहरी उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिए ।

प्रवक्ता थापाले त्यसरी पक्राउ गरिएका सामानलाई कानुनी प्रक्रिया पुरा गरेर भन्सार कार्यालय वीरगंज तथा राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा दाखिला गर्ने गरिएको जानकारी दिए । यस्तै, गत चैत महिनामा पाँच करोड ८७ लाख ३६ हजार सात सय ९९ रुपैयाँ, साउन महिनामा पाँच करोड ४३ लाख रुपैयाँ, भदौ महिनामा चार करोड ५४ लाख रुपैयाँ, असोज महिनामा पाँच करोड ७१ लाख रुपैयाँ र कात्तिक महिनामा दुई करोड ३२ लाख रुपैयाँ मूल्यपर्ने सामान नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यसैगरी गत मङ्सिर महिनामा तीन करोड ८३ लाख रुपैयाँ, पुस महिनामा तीन करोड तीन लाख रुपैयाँ, माघ महिनामा तीन करोड ४३ लाख रुपैयाँ र फागुन महिनामा तीन करोड ३१ रुपैयाँ मूल्य पर्ने सामान नियन्त्रणमा लिइएको थियो । अघिल्लो आर्थिक वर्ष २०७९÷०८० मा भने ४८ करोड नौ लाख ६४ हजार छ सय ४६ मूल्य बराबरका सामान बरामद गरिएको थियो ।

# आठवटा 'डिपट्युवेल'का 'ट्रान्सफर्मर' चोरी

रासस
जनकपुरधाम ।
सिँचाइका लागि महोत्तरी र धनुषाका किसानले जडान गरेका आठवटा डिपट्युवेलका ट्रान्सफर्मर चोरी भएका छन् । ट्रान्सफर्मर चोरी भएपछि सिँचाइ गर्न नपाएको उनीहरूले बताएका छन् । मधेश प्रदेश भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोतरीद्वारा महोत्तरी तथा धनुषाका विभिन्न ग्रामीण क्षेत्रमा जडान गरिएको डिपट्युवेलका ट्रान्सफर्मर चोरी भएको सो कार्यालयले जनाएको छ ।

दुवै जिल्लाका डिपट्युवेलबाट चोरी भएका ट्रान्सफर्मर खोजी गर्न प्रहरी प्रशासनलाई पटक–पटक लिखित एवं मौखिक जानकारी गराए पनि कुनै पहल नभएको सिँचाइ विकास कार्यालयका अधिकारीले गुनासो गरेका छन् । चालु आर्थिक वर्षमा पाँचवटा तथा गत आवमा तीनवटा ट्रान्सफर्मर चोरी भएका हुन् । कार्यालयका इन्जिनियर अमलेश यादवका अनुसार चालु आवमा औरही गाउँपालिका–२, देउरीपरवाहा धनुषा, नगराईन नपा फुलगामा धनुषा, मटिहानी नगरपालिका–२ धिरापुर महोत्तरी, भङ्गाहा नगरपालिका–४ पशुपतिनगर महोत्तरी, वलवा नपा–९ अध्ययनपुर महोत्तरीमा जडान गरिएका डिपट्युवेलका ट्रान्सफर्मर चोरिएका हुन् ।

त्यसैगरी गत आव मा धनुषाधाम नपा–४ धनुषा, हंसपुर नपा–५ सुगानिकास धनुषा तथा नगराइन नपा फुलगामा जडान भएका ट्रान्सफर्मर हराएका थिए । एउटा ट्रान्सफर्मर जडान गर्न पाँच लाख रुपैयाँ खर्च लाग्ने गरेको छ । धनुषा र महोत्तरीमा ४१ वटा डिपट्युवेल जडान गरेर सिँचाइ भइरहेको छ । एउटा डिपट्युवेलबाट ४० हेक्टर जमिनमा सिँचाइ हुने गरेको छ । एउटा डिपट्युवेलको निर्माण तथा सञ्चालनमा ७० देखि ९० लाख रुपैयाँसम्म खर्च हुने गरेको छ । उक्त कार्यालयबाट जडान भएका ८० वटा पावर ड्रिलट्युवेल प्रयोग गरी सिँचाइको व्यवस्था भएको छ । एउटा ड्रिलट्युवेलबाट तीन हेक्टर जमिन सिँचाइ गर्न सकिन्छ । त्यसको लागत १५ लाख रुपैयाँ छ । यहाँका किसानले डिपट्युवेल जडानका निम्ति अनुरोध गर्दै आएका कार्यालय प्रमुख नयन पोखरेलले बताए ।

# साढे चार सय किलो गाँजा बरामद

मधेशदृष्टि
बारा ।
बारा प्रहरीले एक महिनाको अवधिमा ठूलो परिमाणमा प्रतिबन्धित लागु औषध बरामद गरेको छ ।

प्रहरीले चालु आर्थिक वर्षको वैशाख महिनामै ३ हजार ९ सय ५४ एम्पुल र नाइट्राभेट ४ हजार ६ सय ० ट्याबलेट अवैध लागु औषधहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए । उनका अनुसार लाग औषध डाइजेपाम १ हजार ३१, नुरफिन १ हजार ३१८ र फेनारगन १ हजार ३१८ एम्पुल गरी जम्मा ३ हजार ९५४ एम्पुल बरामद गरेको छ ।

एक महिनाको अवधिमा बाराको फरकफरक स्थानहरुमा गरिएको चेकजाँचका क्रममा प्रहरीले उक्त परिमाणमा लागु औषधहरु नियन्त्रणमा लिएको जानकारी प्रवक्ता न्यौपानेले बताए । प्रहरीले सार्वजनिक गरेको विवरण अनुसार सो समयमा प्रहरीले गाँजा ४ सय ६७ किलो ९ सय ग्राम बरामद गरेको छ गाँजा ट्रक र १ भारतीय कारबाट बरामद गरिएको जनाइएको छ । लागु औषधसम्बन्धि कसुरमा आठ जनाविरुद्ध मुद्दा दर्ता गरेको र १० जनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ ।

# औंलो रोगबारे अभिमुखिकरण कार्यक्रम

मधेशदृष्टि
वीरगंज ।
वीरगंजस्थित नेशनल मेडिकल कलेजमा औंलो रोगबारे अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयोजकत्व तथा मधेश प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालय पर्साको समन्वयमा नेशनल मेडिकल कलेजमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा सहभागी नेशनल मेडिकल कलेजका औंलो रोग निदान तथा उपचार कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई राष्ट्रिय औंलो रोग निवारण एवं राष्ट्रिय औंलो रोगको उपचार पद्दतीबारे जानकारी प्रदान गरिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र प्रसाद मरासिनीले बताए ।

जिल्ला स्वास्थ्य कार्यालय पर्साका प्रमुख मुक्तिनारायण साहले कार्यक्रमबारे प्रकाश पारेका थिए । अभिमुखिकरण कार्यक्रममा नारायणी अस्पतालका वरिष्ठ फिजिसियन डा.उदयनारायण सिंहले सहभागीहरुलाई प्रशिक्षण दिएका थिए । कार्यक्रममा नेशनल मेडिकल कलेजकी संचालक डा. इसरत जाहा अन्सारीले औंलो रोग निवारणमा मेडिकल कलेजले काम गर्दै आएको बताए । कार्यक्रम नेशनल मेडिकल कलेजका प्रोफेसर डा. केएन सिंह, प्रोफेसर डा. एके कोशी, बाल रोग विशेषज्ञ आनन्द कुमार झालगायतको सहभागिता रहेको थियो ।

# पेट्रोलियम पाइप लाइनको तीस प्रतिशत काम बाँकी

मधेशदृष्टि
बारा ।
मोतिहारी–अम्लेखगञ्ज पेट्रोलियम पाइप लाइनको परियोजनाको दोस्रो चरणको काम अझै ३० प्रतिशत बाँकी छ ।

सम्झौता अवधि गुज्रिएको डेढ महिना बितिसक्दा पाइपलाइनको काम ७० प्रतिशत मात्रै सम्पन्न भएको हो । पछिल्लो समय पाइप जडानको काम ५० देखि ६० प्रतिशत सम्पन्न भएको छ भने भर्टिकल ट्याङ्कीको जडान, परीक्षणको काम भइरहेको छ ।

आन्तरिक पाइप बिछ्याउने काम अन्तिम चरणमा पुगेको जनाइएको छ । पेट्रोलियम पदार्थ भण्डारण गर्ने ६ वटा ट्याङ्कीमध्ये नेपाल आयल निगमले निर्माण गरेको वटा २ वटा ट्याङ्की भने रङरोगनसमेत सकिएको छ ।

नेपाल आयल निगम अम्लेखगञ्ज डिपो प्रमुख विनितमणि उपाध्यायले अहिलेसम्म करिब ७० प्रतिशत काम सम्पन्न भएको जानकारी दिए । पाइपलाइन निर्माणको सम्पूर्ण काम भारतीय आयल कर्पोरेसनसँगको सम्झौता अनुसार लिखिता इन्फ्रास्ट्रक्चरले गरिरहेको छ । पाइपलाइनको दोस्रो चरण अन्तर्गतको काममा सिभिल, मेकानिकल, इलेक्ट्रोनिक काम बाँकी रहेकाले समय लाग्ने निगमले जनाएको छ ।

# ट्राफिक नियमको उल्लंघनकर्ता बढे

मधेशदृष्टि
बारा ।
बारामा ट्राफिक नियमको उल्लंघनकर्ता बढी रहेको पाइएको छ । बारा प्रहरीले जारी गरेको एक महिनाको तथ्यांकमा जिल्लामा ट्राफिक नियम उल्लंघन गर्नेहरुको संख्या अत्यधिक रहेको पाइएको हो ।

बारा प्रहरीले प्रहरीले चलाएको आकस्मिक जाँचमा सवारीसाधनका चालकहरुले ट्राफिक नियम विपरीत सवारी साधन चलाइरहेको पाइएको हो ।

बारा प्रहरीले जिल्लाका ३० वटा पोइन्टमा प्रत्येक दिन चलाएको एक घण्टा 'आकस्मिक' जाँच अभियान चलाएको थियो । यही जाँच अभियानबाट २७५५ वटा दुइ पाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधनलाई कारबाही गरिएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए । उनका अनुसार एक महिनामा संयुक्त जाँच चलाउँदा यतिको संख्यामा ट्राफिक नियम उल्लंघन गर्ने कारबाहीको दायरमा आएका हुन् । बारा प्रहरीले यातायात र ट्राफिक प्रहरीसँगको सहकार्यमा संयुक्त रुपमा ट्राफिक नियम कडाईको अभियान चलाएको थियो । यो अभियानले बारामा सवारी दुर्घटना न्यूनीकरणमा सहयोग पुगेको प्रहरी प्रवक्ता न्यौपानेले दाबी गरे ।

*अरुको बाटो उज्यालो बनाएपछि मात्र तपाईंको पनि बाटो उज्यालो हुन्छ । –गौतम बुद्ध*

## सम्पादकीय

# सहर केन्द्रित स्वास्थ्य सेवा

*स्वास्थ्य संस्थाहरू शहर केन्द्रित भएपछि ग्रामीण भेगका बासिन्दा सुविधासम्पन्न उपचार सेवाबाट वञ्चित भइरहेका छन् । ग्रामीण भूभागमा सुविधासम्पन्न स्वास्थ्य चौकी एवम् अस्पताल नभएका कारण उनीहरु बाध्यभएर सहर पस्नु परिरहेको छ । स्थानीय तहमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा सामुदायिक स्वास्थ्य इकाइहरु भएपनि त्यहाँ दक्षजनशक्ति नहुँदा समान्य उपचारका लागि पनि सहर पुग्नु पर्ने बाध्यतामा छन् ग्रामिण भेगका स्थानीय । दक्षजनशक्ति तथा उपकरणको अभाव, सेवासुविधाको कमिले पनि ग्रामिण क्षेत्रमा रहेका अस्पताल तथा स्वास्थ्य केन्द्रमा विरामी पुग्दैनन् । ग्रामिण क्षेत्रमा सेवासुविधा पनि कम हुने भएकोले डाक्टरहरु पनि जान रुचाउँदैनन् । अधिकांश सरकारी डाक्टर सहरमा मात्र बस्न खोज्दा ग्रामिण क्षेत्रमा समान किसिमको स्वास्थ्य सेवा प्रवाहमा समस्या उत्पन्न भइरहेको देखिएको छ । कर्मचारी तथा चिकित्सकहरुको लापरवाही तथा बेवास्ताले सरकारी तथा समुदायिक अस्पताल प्रति सर्वसाधरणको विश्वास हट्दै गइरहेको छ ।*

*सरकारी अस्पतालमा जाने प्राय गरिब, असहाय, विपन्न वर्गका बढी हुन्छन् । अलिकति पैसा हुनेहरु त चर्को शुल्क भएपनि निजी अस्पताल वा किलिनिक मै जान रुचाउँछन् । महँगो भएपनि उपचारमा लापरवाही र ढिलासुस्ती नहोला भन्ने आशाले । आर्थिक अभावका कारण कोही पनि नागरिक उपचारबाट वञ्चित नहुने वातावरण निर्माणमा सरकार लागेको भनिएपनि नजिता त्यस्तो देखिएको छैन । ग्रामिण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि सरकारले आधारभूत स्वास्थ्य सेवा विस्तारमा जोड दिन आवश्यक छ । सरकारले स्वास्थ्यमा सबैको समान पहुँच विस्तारका लागि स्वास्थ्य बीमाको कार्यक्रमसमेत ल्याएको छ । तर, मधेश प्रदेशमा ९० प्रतिशत नागरिक बीमाको पहुँचबाट टाढा छन् । बीमा कार्यक्रम ल्याएर पनि हुँदैन त्यसबारे सरकारले बीमाको आवश्यकता र महत्वबारे सम्पूर्ण नागरिकमा जनचेतना बढाउन समय र अर्थ खर्च गर्नुपछ ।*

*अस्पताल स्थापना र डाक्टर उत्पादनलाई जत्तिकै प्राथमिकतामा स्वास्थ्य सचेतना अभिवृद्धिलाई राख्नुपर्ने देखिन्छ । रोग लागेपछि उपचार गर्नुभन्दा पनि रोग लाग्न नदिने सचेतना वृद्धिका साथै रोग लागे बीमा गरेकालाई आर्थिक पाटोमा केही राहत हुने कुराको जानकारीमा राज्य चुकेको छ । अनुपातमा जति प्रतिशत जनता गाउँमा बस्छन्, त्यति प्रतिशत डाक्टर सहरमा बस्छन्, गाउँमा डाक्टर नबसेपछि ग्रामिण जनता स्वास्थ्य सेवा लिन सहर दौडन बाध्य छन् । जहाँ बिरामी छन्, त्यहाँ डाक्टर जानुपर्छ । तर, यहाँ उल्टो छ जहाँ डाक्टर छन्, त्यहाँ विरामी जानु परेको छ । आधारभूत स्वास्थ्य सेवा पाउने नागरिकको संवैधानिक अधिकार हो, तर यो अधिकारबारे न त ग्रामिण क्षेत्रका बासिन्दा अवगत छन् न त सरकारले उनीहरुलाई गाउँ मै उत्कृष्ट स्वास्थ्य दिन सकेको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# कर्णालीवासीको आयु बढेकै हो त ?



डा. दीपेन्द्र रोकाया

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ वैशाख २३ गते सार्वजनिक गरेको जनसङ्ख्या साक्षरता पुस्तक तथा जनसाङ्ख्यिक सूचकहरूले नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको देखाएको छ । यो अपेक्षित आयु हो। यसमा कर्णाली प्रदेशका मानिस सबैभन्दा धेरै वर्ष बाँच्ने गरेको देखिएको छ । जसमा कर्णाली प्रदेशको औसत आयु ७२.५ वर्ष देखिएको छ। त्यसमा महिलाको औसत आयु ७५.५ वर्ष रहेको देखियो। यो सूचकले सबैको ध्यानाकर्षण गराएको पाइयो।

कुनै पनि क्षेत्रको मूल्याङ्कन त्यस क्षेत्रको मानव विकास सूचकाङ्कका आधारमा गर्ने गरिन्छ। यसमा प्रतिव्यक्ति आय, साक्षरता दर र अपेक्षित आयु हेर्ने गरिन्छ । मानव विकास प्रतिवेदन, २०२० अनुसार सामाजिक–आर्थिक सूचकाङ्कमा नेपालका अरू प्रदेशभन्दा कर्णालीको अवस्था कमजोर थियो। कर्णालीको प्रतिव्यक्ति आय ९६४ अमेरिकी डलर थियो। साक्षरता दर ६२.७७ प्रतिशत थियो। औसत आयु ६७ वर्ष थियो।

यतिबेला केही पूर्ववत् अवस्था स्मरण गर्न चाहन्छु। कुरा २०५८ सालमा हो, काठमाडौँबाट १७ जना पत्रकार कालीकोटको लालुसम्म पुगेका थियौँ। दरबार हत्याकाण्ड भएका कारण एउटा कार्यक्रम स्थलमा पुगे पनि सहभागी नभएर फर्केका पत्रकारमध्ये एक नयाँ पत्रिकाका सम्पादक कृष्णज्वाला देवकोटा पनि हुनुहुन्थ्यो । उहाँले कान्तिपुर दैनिकमा कर्णालीको वास्तविक जीवनचर्या लेख्नुभएको थियो, 'कर्णालीका मान्छेले बाल्यकाल आमाको गर्भमा बिताउँदा रहेछन्, बाल्यकालमा नै युवा काल बिताउने रहेछन् र जब युवा हुन्छन् उनीहरू प्रौढ भइसकेका देखिँदा रहेछन्।'

देवकोटाजीले देखाएको शब्दचित्र एकदमै सही हो। यो सब खानपान, कुपोषण र बाल विवाहका कारण भएको थियो। कर्णालीमा लामो समय खडेरी पर्दा बूढापाकाहरू मारुल्या समयको सम्झना गर्दछन् । त्यो समयमा मारुल्या नामको राजा थिए। जलवायु परिवर्तनले खेती गर्दै लेकको टुप्पोसम्म पुग्नु परेको थियो । उत्पादन हुन छोडेपछि ढुङ्गा पकाएर बालबालिकालाई आशा जगाई केही दिन बाँच्न लगाएको, माटो खान परेको, माटो खानेहरू मरेको, त्यसमा दिसा खाँदा बाँचेको कथा गाउँघरमा सुन्न पाइन्थ्यो। त्यो स्तरको अनिकाल पछिल्ला दिनहरूमा नपरे पनि जिउलाको बाली हेरेर खानुपर्ने अवस्था थियो।

कर्णालीको यही अवस्थालाई नेपाल खाद्य संस्थानमार्फत नेपालका राजनीतिज्ञ तथा कर्मचारीतन्त्रले 'नुन–चामलको राजनीति' चलाएका थिए । यतिबेला भेरी करिडोर र कर्णाली करिडोरले सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। सडक पुग्दा खाद्य संस्थानभन्दा सस्तोमा स्थानीय पसलमा चामल पाइन थालेको छ । खानपानमा पनि फरक आएको छ। हिजो बिहान–बेलुकी सुख्खा रोटी खाने र तिउन पिउने अवस्थाबाट आज तरकारी र अचार पनि थपेर खान थालेका छन्। मासु खानलाई देउता पुज्ने र गरो काट्ने समय आउनु पर्दथ्यो वा पशु वस्तु लडेर मर्नु पर्दथ्यो। खानाको उपलब्धता र पाक शिक्षाको कमीका कारण कर्णालीका मानिसहरू रोगी, ख्याउटे र चाउरिएका देखिन्थ्ये तर उनीहरू चाम्रा र बलिया थिए।

गाउँमा धेरैले लुगा लगाएका देखिदैनथ्यो । अधिकांशले लुगा आकलझुकल लगाउन पाउँथे। लुगा लगाउनलाई विवाह, व्रतबन्ध वा विशेष चाड आउनु पर्दथ्यो। ठकुरी हो भने गौरा पर्व आउनु पर्दथ्यो। भोट्या लामा हो भने लोसार आउनु पर्दथ्यो। क्षेत्री, थपाल्या व्यासी र दलित हो भने साउन पुनी आउनु पर्दथ्यो। नत्र सँधै फटेका लुगामा टाला गाँस्दै लगाउनु पर्दथ्यो । कर्णालीमा अहिले पनि लुगा किन्ने भन्दैनन्, टाला किन्नु छ भन्छन्। यो पहिरनले देखाएको गरिबी थियो। फाटो र मैलोको कुरै नगराँ । सरसफाइ भन्ने कुरा धेरैलाई थाहा नै थिएन। यसैले खान, लाउन र सरसफाइले आयु घटाएकै थियो।

बाल विवाहले झनै डरलाग्दो समस्या थियो। बाहुन समाजबाहेक अरु समुदायमा पहिला केटी पाउन गाह्रो भएकाले विवाह गर्नलाई केटा मान्छे २५–३० पुग्नै पर्दथ्यो। विवाह गर्नलाई महिला पनि २० भन्दा माथि नै पुगेको हुनु पर्दथ्यो रे ! तर अहिले आइपुग्दा केटा १६ वर्ष पुग्यो भने केटी खोज्न थाली हाल्छन्।

यतिबेला पनि साविकको कर्णालीको हुम्ला, मुगु र डोल्पामा कुनै दुर्घटना हुँदा हवाई सेवाको सहारा लिनु पर्दछ। यसको लाख तीनदेखि पाँच लाख बेहोर्न तयार हुनु पर्दछ। नियमित उडान भर्दा पनि हरेक मान्छेले मान्छे भएर होइन, एक सय केजीको सामान भएर उडान भर्नुपर्ने हुन्छ। यसको मतलब एक सय केजी भौतिक सामानको मूल्य टिकटबापत तिर्नुपर्दछ। कर्णाली प्रदेश सरकारको सबै पालिका केन्द्रमा ग्रामीण सडक पु¥याउने लक्ष्यअनुसार अहिले डोल्पाको दुई र मुगुको एक पालिका केन्द्रबाहेक अरु सबै पालिका केन्द्रमा सडक खन्ने काम भएको छ।

यो पृष्ठभूमिमा यस पटकको तथ्याङ्कले कर्णालीको औषत आयु ७२.५ वर्ष भएको देख्दा अचम्म लाग्नु स्वाभाविकै हो। कर्णालीपछि बाग्मती ७२.४, गण्डकी ७२.१, मधेस ७१.८, सुदुरपश्चिम ७१.३, कोशी ७०.४ र लुम्बिनी ६९.५ वर्ष आयु रहेको देखियो। औसत आयु बढ्नुमा स्वास्थ्य प्रणालीमा भएको सुधार, सचेतना, बालबालिकाले पाइरहेको पोषण र जन्मेदेखि हुर्किंदासम्म पाउने लालनपालनले समेत ठूलो भूमिका खेलेको हुनसक्छ । कर्णालीका विद्यालयहरूमा लिटोपीठो उपलब्ध हुन्छ तर कतिपय विद्यालयले त्यो बजेटबाट शिक्षकलाई राखेर पठनपाठन चलाउन बाध्य भएको अवस्था पनि छ।

कर्णाली प्रदेशमा १८.६ अर्थात एक हजारमा १८ देखि १९ जना जन्मेको देखिन्छ। जन्मदर घटेको छ। अस्थायी साधन प्रयोगकर्ता राष्ट्रियभन्दा बढी देखिन्छन्। सय जनामा ७९ जना महिलाले छोरीहरू जन्माएको देखिन्छ। यो प्रदेश सरकारले 'छोरी सुरक्षा खाता' सञ्चालनमा ल्याएको प्रभाव पनि हुन सक्छ। किनकि भ्रूण हत्या रोकिदाको परिणाम यस्तो देखिएको हुन सक्छ। हाल कोरा मृत्युदर एक हजार जनामा ४.९९ जना रहेको छ। साथै, प्रति लाख ३७ सयले बसाइँसराइ गरेको पाइन्छ।

कर्णाली प्रदेशका १७ लाख जनसङ्ख्यालाई स्वास्थ्य सेवा दिन स्वास्थ्यकर्मीको दरबन्दी नौ सय नौजना रहेको छ। यसमा स्थायी पदपूर्ति तीन सय २७ जनाको भएको छभने आठ सय १८ जना करार सेवामा छन् । संस्थागत रूपमा स्वास्थ्य प्रतिष्ठान एक, आधारभूत स्वास्थ्य सेवा केन्द्र तीन सय, सामुदायिक स्वास्थ्य इकाइ एक सय २७, जिल्ला अस्पताल आठ, साधारण अस्पताल तीन, स्वास्थ्य चौकी तीन सय ३२, संस्थागत क्लिनिक दुई, एनजिओ २०, नर्सिङहोम पाँच, अन्य स्वास्थ्य सुविधा ५१, फार्मेसी स्वास्थ्य केन्द्र १२, प्राथमिक अस्पताल १८, निजी अस्पताल नौ, माध्यमिक ए अस्पताल एक, माध्यमिक बी अस्पताल एक, सहरी स्वास्थ्य केन्द्र ३० गरी जम्मा नौ सय २० वटा स्वास्थ्य संस्था कर्णालीमा छन्।

उपरोक्त तथ्य र कोभिड महामारीले बनाउन लगाएको भौतिक पूर्वाधार तथा थप्न परेको जनशक्तिले कर्णालीको स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याएको छ। एउटा अनुभव सुनाऊँ, हुम्लाको नाम्खा गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा त्यहाँ कार्यरत स्वास्थ्य शाखा प्रमुखले बाल मृत्युदर, वालश्रम र महिला हिंसाका घटना शून्य छभन्दा म छक्क परेको थिएँ। उहाँसँग अरू तर्क गर्दा उहाँले हाम्रो तथ्याङ्कमा नभएको कुरा कसरी थप्न सक्छौँ ? भनेर प्रतिप्रश्न गर्नुभएको थियो।

पछिल्लो ५० वर्षमा नेपालीको औसत आयु साढे २१ वर्षले बढेको देखियो । २०३८ सालको जनगणनामा औसत आयु ४९.८ वर्ष देखिएको थियो। २०४८ सालमा वृद्धि भई ५४.३ वर्ष पुगेको थियो। २०५८ सालमा ६०.४ वर्ष पुगेको थियो। २०६८ सालमा ६६.६ वर्ष पुगेको औसत आयु २०७८ को जनगणनाले ७१.३ वर्ष पुगेको देखाएको छ । आँकडाअनुसार पछिल्लो १० वर्षमा ४.७ वर्षले औसत आयु बढेको छ।

आयुकै प्रसङ्गमा पुरुषभन्दा महिलाको आयु बढी भएको देख्दा अर्को अचम्म लाग्ने विषय खुलेको छ। समाजमा महिला हिंसा, महिलाले पैतृक सम्पत्ति नपाएको सन्दर्भ, पितृ सत्तात्मक समाजले दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेको भन्दै महिला अधिकारका कुरा उठाइरहेको अवस्था छ। तथ्यले के देखायो भने महिलाको तुलनामा दुर्घटनामा बढी पुरुष परेको देखिनु, मदिरा र लागुऔषध सेवनको मारमा पुरुष बढी देखिनु तथा विदेश जाने सङ्ख्यामा पुरुष बढी हुँदा कार्यक्षेत्रमा हुने दुर्घटनाले समेत पुरुषको मृत्युदर बढी देखियो।

जन्मेदेखि नै शिशु र बाल मृत्युदरमा छोरीको तुलनामा छोराको मृत्युदर बढी देखिएको छ। यसको प्रभाव औसत आयुमै देखिने हुन्छ। छोराको प्रतिहजार मृत्युदर १९ रहँदा छोरीको १५ रहेको देखिएको छ। नेपालको जनसङ्ख्या वृद्धिदर पनि निरन्तर घट्दै गएको देखिन्छ । नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत छ। प्रदेशगत रूपमा हेर्दा लुम्बिनी प्रदेशको सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर १.२४ छ भने मधेसको १.१९ प्रतिशत छ । बाँकी प्रदेशमध्ये कोशीको ०.८६, बाग्मतीको ०.९७, गण्डकीको ०.२५, कर्णालीको ०.७० र सुदूरपश्चिमको ०.५२ प्रतिशत छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पूर्वसचिव तथा प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा सुधा शर्माले 'कर्णाली उत्सवः कुडा कर्णालीको पाँचौँ संस्करण' मा कर्णालीमा चुनौतीहरू हुँदाहुँदै पनि प्रगति उन्मुख रहेको बताउनुभएको थियो । उहाँका अनुसार, तीन दशक पहिलेको तुलनामा धेरै राम्रो हुँदैछ । २०५३ ताका कर्णालीमा जन्मेका हजार बालबालिकामध्ये करिब ६५ जनाको एक महिनाभित्रै मृत्यु हुन्थ्यो, एक सय १९ जनाको एक वर्षभित्रै, अनि पाँच वर्ष पुग्दा नपुग्दै एक सय ७८ जनाको मृत्यु भइसक्थ्यो । यसको एक दशकपछि, २०६३ ताका, नवजात शिशु मृत्यु दर सुधार हुँदै ६५ बाट ४५ मा झ¥यो, एक वर्षभित्र हुने मृत्यु एक सय १९ बाट ८५ जति भयो, अनि अनि पाँच वर्ष पुग्दा नपुग्दै हुने मृत्यु एक सय ७८ बाट घटेर एक सय ११ जति भयो। यसको करिब १५ वर्षपछि बालस्वास्थ्य अवस्थामा थप सुधार हुँदै गएको देखिन्छ।

दुई वर्ष अगाडिको एक स्वास्थ्य प्रतिवेदनअनुसार कर्णाली प्रदेशको नवजात शिशु मृत्यु दर हजारमा २६ (राष्ट्रिय औसत २२), एक वर्षभित्र हुने मृत्यु हजारमा ३६ (राष्ट्रिय औसत २८), पाँच वर्षभित्र हुने मृत्यु हजारमा ४६ (राष्ट्रिय औसत ३३) रहेको थियो । साक्षर र निरक्षर आमाको व्यवहारले पनि फरक पर्ने रहेछ । निरक्षर आमाका पाँच वर्षमुनिका हजार बालबालिकामध्ये ५० जनाको मृत्यु हुँदा माध्यमिक तहसम्म पढेका आमाहरूको पाँच वर्षमुनिका हजार बालबालिकामध्ये छ जनाको मात्रै मृत्यु भएको पाइएको थियो। यसैले कर्णालीमा 'छोरी सुरक्षा खाता' सञ्चालन गरी छात्रा शिक्षामा विशेष जोड दिनु परेको छ। बालविवाह घाउन परेको छ र महिलालाई आत्मनिर्भर बनाउने योजना ल्याउन परेको छ।

राष्ट्रिय जनगणनाअनुसार एक वर्षमा प्रजनन उमेर (१५–४९ वर्ष) का महिलाको १२ हजार नौ सय ७६ मृत्युमध्ये ६ सय ५३ मातृ मृत्यु थिए। नेपालमा औसतमा प्रतिएक लाख जीवित जन्ममा एक सय ५१ आमाले ज्यान गुमाउँदा कर्णालीमा प्रतिएक लाख जीवित जन्ममा एक सय ७२ जना आमाको मृत्यु हुन्छ। स्रहश्राब्दी विकास लक्ष्य हासिल गर्न नेपालले सन् २०३० सम्ममा प्रतिएक लाख जीवित जन्ममा मातृ मृत्यु ७० सम्म झार्ने लक्ष्य राखेको छ।

यसरी हेर्दा आयु बढ्नुमा सुरक्षित गर्भाधारण, जन्म, लालनपालन, विवाह र सुविधाहरूले प्रभाव पारेको हुन्छ। हरेक घरमा स्वस्थ नागरिक हुनु भनेको त्यो घरबाट देशका लागि स्वस्थ जनशक्ति प्राप्त हुनु हो । 'स्वास्थ्य नै धन हो' भन्ने मान्यताअनुसार स्वस्थ्य जनशक्ति बढ्नु भनेको देशको आयु बढ्नु हो। यसैले नेपालमा कर्णालीको आयु बढेको देख्दा आश्चर्य लागे पनि क्रमिक सुधार भने भएकै देखिन्छ। तर यो स्तरको सूचकलाई विश्वसनीय र दिगो बनाउन सक्नुपर्दछ । न्युनतम अनिवार्य आयआर्जन कार्यक्रममार्फत कर्णालीवासीको आम्दानीका स्रोतहरू बढाउनुपर्दछ। क्षेत्रगत लगानी र उपयुक्त जनशक्तिलाई केन्द्रित गर्न सके विकासमा पछि पारिएको कर्णालीको विद्यमान गरिबीको अन्त्य गर्न र देशलाई अति कम विकसित देशबाट विकासशील देशमा उन्नति गर्न सहज हुनेछ। रासस

# नेपाल उद्यमशीलताको संस्कृति प्रवर्द्धन गर्ने प्रतिबद्धः प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लगानी प्रक्रियालाई सरलीकृत गर्दै नवप्रवर्तन र उद्यमशीलताको संस्कृति प्रवद्र्धन गर्ने नीति सरकारले लिएको बताएका छन् । नेपाल–युरोपेली सङ्घबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सवका अवसरमा बुधबार यहाँ आयोजित 'नेपाल–इयु व्यापार मञ्च'को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपाल सरकार व्यवसायका लागि खुलापन सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताए । 'सरकारले नवप्रवर्तन र उद्यमशीलताको संस्कृतिलाई बढवा दिने नीति लिएको छ', प्रधानमन्त्री दाहालले भने, 'बलियो आर्थिक संरचना सिर्जना गर्ने नेपालको नीतिले अन्तर्राष्ट्रिय साझेदारी बढाउँछ, आर्थिक विस्तारमा सहयोग गर्छ ।'

गत महिना सफलतापूर्वक सम्पन्न लगानी सम्मेलनमा विश्वका ५० भन्दा बढी देशहरूको उत्साहजनक सहभागिता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय समुदाय नेपालमा लगानी ल्याउन उत्सुक छ भन्ने सन्देश प्रवाह भएको बताए । वैदेशिक लगानी भित्र्याउने नेपालको सत्प्रयासमा युरोपेली सङ्घका सदस्य मुलुकहरूसँग थप सहकार्य गर्न नेपाल तत्पर रहेको उनले बताएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ । नेपालले सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकको वर्गबाट स्तरोन्नति हुने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्ने लक्ष्य लिएको उल्लेख गर्दै प्रधानमन्त्रीले यी लक्ष्य पूरा गर्न विदेशी साझेदारहरूबाट पर्याप्त लगानी र आवश्यक प्रविधि हस्तान्तरण हुनुपर्ने आवश्यकता औँल्याए । सरकारले ५० करोड रुपैयाँसम्मका प्रत्यक्ष वैदेशिक लगानीका लागि हालै 'स्वचालित रुट' सुरु गरेको जानकारी दिँदै प्रधानमन्त्रीले यस




सुरुआतसँगै नेपालमा व्यवस्थापकीय दक्षता र पुँजी भित्रिने विश्वास व्यक्त गरे ।

'हामीले स्वचालित मार्गमार्फत प्राप्त लगानीका केही आवेदनहरू र स्वीकृत गरेका छौँ' प्रधानमन्त्री दाहालले भने, 'अन्तर्राष्ट्रिय साझेदारमार्फत हाम्रा प्रयासहरूलाई बलियो बनाउन खोजिरहेका छौँ, यसले नेपालमा पुँजीमात्र होइन, प्राविधिक र व्यवस्थापकीय विशेषज्ञता पनि ल्याउनेछ ।' वातावरणीय दिगोपन र आर्थिक रूपमा व्यावहारिक हुने हरित अर्थव्यवस्थालाई नेपाल सरकारले प्राथमिकता दिएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले नवीकरणीय ऊर्जा परियोजनाहरूको प्रवर्द्धन, दिगो कृषि अभ्यास र वातावरणीय लक्ष्य प्राप्तिमा निरन्तर काम गरिरहेको बताए ।

'हाम्रा विकासका गतिविधि राष्ट्रिय हित र विश्वव्यापी वातावरणीय लक्ष्यहरूसँग मिल्दाजुल्दा छन' प्रधानमन्त्री दाहाले भने, 'नेपाल पेरिस सम्झौताप्रति सधैँ प्रतिबद्ध छ, हाम्रा विकास योजना र कार्यक्रमहरूमा जलवायु कार्यलाई सक्रिय रूपमा समावेश गर्दै आएको छौँ ।' स्रोत र क्षमताको अन्तर एवं जलवायु परिवर्तनले निम्त्याएका निरन्तरका चुनौतीका बाबजुद पनि नेपाल सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनमा पुग्न प्रतिबद्ध रहेको बताए ।

# मर्यादित संसदीय अभ्यासका लागि एमाले समर्पित छः ओली




**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मर्यादित संसदीय अभ्यासका लागि आफ्नो पार्टी निरन्तर समर्पित रहीआएको बताएका छन् ।

नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बुधबार आयोजित पार्टी संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उनले प्रमुख प्रतिपक्षी दलले संसदमा प्रदर्शन गरिरहेको विरोधबाट आफूहरु आत्तिनुपर्ने कारण नभएको बताए ।

उनले नेपाली कांग्रेसले बिना प्रमाण र कसूर कसैलाई आरोप लगाउँदैमा संसदीय समिति गठन हुन नसक्ने र अब संसद बैठक अवरुद्ध नहुने बताए ।

'आरोपित व्यक्ति पहिले संसद्मा बोल्न पाउनुपर्छ, कांग्रेसले बोल्न पाउने अनि अन्यले नपाउने भन्ने हुन्छ ? उसले बोलेको हामीले मात्रै सुन्नपर्ने ?

यस्तो संसदीय अभ्यास हुँदैन' अध्यक्ष ओलीले भने । उनले देश र जनताका कामप्रति सांसदहरू गम्भीर हुनुपर्नेमा जोड दिए ।

संसदीय दलका नेता ओलीले भने, 'मर्यादित संसदीय अभ्यासका लागि हामी समर्पित छौँ, संसद् अविलम्ब सुचारू हुनुपर्छ । कांग्रेसले पनि अब संयमता अपनाउनुपर्छ ।'

परिस्थितिको आँकलन गरी सबै राजनीतिक दललाई आफूहरुले मिलाएर लैजाने प्रयास गरिरहेको पनि उनको भनाइ थियो । अध्यक्ष ओलीले भने, 'सदनमा भोलि (बिहीबार) हामी बहस गर्न तयार भएर जाऔँ, हामीले त्यहाँ बहस गर्न पाउनुपर्छ ।'

पार्टी संसदीय दलका प्रमुख सचेतक महेशकुमार बर्तौलले संसदमा प्रस्तुत नीति तथा कार्यक्रममा एमाले सांसदले खेल्ने भूमिका र दिनुपर्ने सुझावका विषयमा छलफल भएको बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिए । उनले भने, 'सरकारमा रहेकाले सैद्धान्तिकरूपमा समर्थन गर्छौँ । पारित गर्ने स्वभाविक विषय भयो तर पनि कतिपय विषयमा सुझाव दिनुपर्ने छ ।

केही थप विषय समेट्न सकिन्थ्यो कि भन्ने लागेको छ ।' बैठकमा पार्टी उपाध्यक्ष विष्णु पौडेल, महासचिव शङ्कर पोखरेल र पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले संसदमा उठाउनुपर्ने र नीति तथा कार्यक्रममा समेटिएका विषयवस्तुबारे सांसदलाई प्रशिक्षण दिएका थिए ।

# भारतसँगका समस्या वार्ताबाट समाधान गर्नुपर्छः मन्त्री

**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल र भारत घनिष्ठ छिमेकीका साथै आपसी मैत्री र सहयोगको लामो इतिहास रहेको बताउँदै भौगोलिक निकटता धार्मिक, सांस्कृतिक र भाषिक सम्बन्ध, आर्थिक संलग्नता र दुई देशबीचका जनता–जनताबीच सघन रूपमा झाङ्गिएको सम्बन्ध नेपाल–भारत सम्बन्धका विशेषता भएको बताएका छन् । परराष्ट्र मन्त्रालयले पूर्वराजदूत तथा पूर्वपरराष्ट्र सचिव प्राध्यापक यदुनाथ खनालको सम्मानमा सुरु गरेको प्रवचनको तेस्रो शृखंलाको मङ्गलबार साँझ समापन मन्तव्य व्यक्त गर्दै उनले नेपाल–भारत सम्बन्ध प्रकृतिद्वारा पोषित, सांस्कृतिक आत्मीयताले बाँधिएको, व्यापक, बहुआयामिक र अतुलनीय रहेको बताए ।

नेपाल–भारत सम्बन्धमा केन्द्रित रहेर आयोजित तेस्रो शृंखलाका प्रमुख वक्ता दक्षिण एसियाली अध्ययन प्रतिष्ठानका पूर्वनिर्देशक प्राध्यापक सी राजामोहनको सम्भाषणपछि परराष्ट्रमन्त्रीले भने, 'तर दुई देशबीच इतिहासले छोडेका केही मुद्दा छन् जसलाई ऐतिहासिक तथ्यका आधारमा र असल छिमेकीको भावनाअनुरुप वार्ता र कूटनीतिक माध्यमबाट समाधान गर्न आवश्यक छ । यसले नेपाल–भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन मार्गप्रशस्त गर्नेछ, यसका लागि नेपाल सरकार प्रतिबद्ध छ ।' द्विदेशीय सम्बन्ध सार्वभौम समानता, शान्तिपूर्ण सहअस्तित्व, सद्भावना, पारस्परिक विश्वास,




समझदारीमा आधारित रहेको दोहोर्याउँदै मन्त्री श्रेष्ठले उच्चस्तरीय भ्रमणको आदानप्रदानबाट सम्बन्धलाई सुमधुर बनाउन र धेरै क्षेत्रमा साझेदारी बढाउन मद्दत पुगेको बताए । उनले द्विपक्षीय सम्बन्धका विविध क्षेत्रमा सहकार्य गर्न परामर्श संयन्त्र स्थापना गरिएको चर्चा गर्दै त्यस्ता संयन्त्रबाट आपसी सहयोग र साझेदारी बढाउन सहज भएको बताए । पारस्परिक लाभका विविध क्षेत्रमा सहकार्यका प्रशस्त सम्भावना रहेका बताउँदै उनले ऊर्जाको क्षेत्रको साझेदारी महत्वपूर्ण रहेको बताए ।

उनले भने, 'नेपालको जलविद्युत् उत्पादनको अथाह क्षमताको समुचित उपयोगले हाम्रो क्षेत्रको विकास परिदृष्यलाई स्वच्छ ऊर्जामा परिवर्तन गर्न सक्छ । व्यापार र पारवहनलाई सहज बनाउन सीमापार सम्पर्क सञ्जाल विस्तार भइरहेको छ । हामीले यो सञ्जाललाई थप विस्तार र सुधार गर्न आवश्यक छ ।' दुवै देशले आपसी व्यापारलाई लाभदायक बनाउने उपाय खोज्नुपर्ने, नेपालको निर्यातको आधार सीमित भएकाले व्यापार घाटा बढ्दै गएको तथा भारत र अन्य देशसँगको व्यापार विस्तार गर्न उत्पादनशील क्षेत्रमा थप लगानी आवश्यक भएको बताउँदै मन्त्री श्रेष्ठले नेपालमा लगानी सुरक्षित र लाभदायक रहेको बताए । नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो लगानीबाट मनग्य रकम फिर्ता लगेका बताउँदै उनले नेपाल लगानीको आकर्षक गन्तव्य बनेको उल्लेख गरे ।

सूचना प्रविधिको क्षेत्रमा पनि नेपाल र भारतबीच सहकार्यका प्रशस्त सम्भावना रहेका बताउँदै परराष्ट्रमन्त्रीले युवा जमातलाई यसतर्फ आकर्षित गर्न शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा पनि सहकार्य आवश्यक भएको विचार व्यक्त गरे । नेपालको विकास र आर्थिक समृद्धि पनि छिमेकीको हितमा हुने बताउँदै उनले शान्तिपूर्ण छिमेक नेपालको चाहना भएको बताए । नेपालको समृद्धिका निम्ति छिमेकी र अन्तर्राष्ट्रिय समुदायको सहयोग अपरिहार्य भएको बताए । उनले प्राध्यापक मोहनको व्यावहारिकतामा आधारित भारत–नेपाल सम्बन्ध फलदायी हुने सुझाव मननीय रहेको बताए । प्राध्यापक मोहनको नेपाल र भारतका विश्वव्यापी चुनौती समान रहेका तथा दुवै देशले तिनको सामना गरिरहेका बताए । उनले विशाल राष्ट्रका शक्तिको द्वन्द्वबाट साना देशहरू प्रभावित भएका बताउँदै राजनीतिक नेतृत्वले त्यसको निदान सावधानीपूर्वक खोज्नुपर्नेमा जोड दिए ।

काठमाडौँ र नयाँ दिल्लीले बेइजिङबाट सिक्नुपर्ने विचार व्यक्त गर्दै उनले चीनले आवश्यकताअनुसार रुस र अमेरिकासँगको सम्बन्धलाई सुमधुर बनाएको बताए । अहिले बेइजिङको सम्बन्ध वासिङ्टनसँग चिसिएको भए पनि मस्कोसँगको सम्बन्ध सुदृढ रहेको वास्तविकता सुनाए । परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्सालले क्षेत्रगत ज्ञान अभिवृद्धि, देशको विद्यमान परराष्ट्र नीति र अभ्यासकाबारे विद्वत् वर्गसँग बहस गर्न यस प्रकारको प्रवचन आयोजना गरिएको बताइन् । नेपालको बाह्य सम्बन्ध विस्तारमा योगदान गरेबापत सरदारको पदवि पाएका खनाल दुई कार्यकाल परराष्ट्र सचिव तथा चीन, भारत तथा संयुक्त राज्य अमेरिकामा राजदूत भएर राष्ट्रसेवा गरेका थिए । मुलुकका ख्यातिप्राप्त कूटनीतिज्ञ प्राध्यापक खनालको नाम र सम्मानमा परराष्ट्र मन्त्रालयले यो प्रवचन शृखंला सुरु गरेको हो ।

# 'स्थायित्वका लागि निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ'



**रासस**
**काठमाडौँ ।**
विभिन्न राजनीतिक दलका युवा नेताहरू देशमा राजनीतिक स्थायित्वका लागि शासकीयस्वरूप र निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को आयोजनामा काठमाडौँमा जारी विद्यार्थी महोत्सव—२०८१ मा 'कसरी सम्भव छ राजनीतिक स्थायित्व विषयक' सामूहिक छलफलमा उनीहरूले त्यस्तो जोड दिएका हुन् ।

छलफलमा नेकपा (एमाले)का सचिव योगेश भट्टराईले मुलुकमा राजनीतिक स्थायित्व भए पनि शासकीय व्यवस्थाका कारण अस्थिरता देखिएको भन्दै त्यसमा परिवर्तन जरूरी रहेको बताए । संविधानमा भएको शासकीयस्वरुप र निर्वाचन प्रणालीले मुलुकको शासन व्यवस्थामा स्थायित्व दिन नसक्ने भन्दै जनताबाट निर्वाचित प्रत्यक्ष कार्यकारी प्रमुख राख्ने व्यवस्था गर्नुपर्ने उनको भनाइ थियो । 'मुलुकमा व्यवस्था परिवर्तन गरेर हामीले राजनीतिक स्थायित्व पाइसकेका छौँ तर शासकीय प्रबन्ध र निर्वाचन प्रणालीका कारण सरकारको स्थायित्व हुनसकेको छैन' उनले भने, 'अब सरकार र शासन स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ ।' उनले संसदलाई समावेशी बनाउन राष्ट्रियसभालाई पूर्ण समानुपातिक वा प्रत्यक्ष निर्वाचनमै समावेशी व्यवस्था गर्ने भन्नेबारे छलफल गर्न सकिने उनको भनाइ थियो ।

कार्यक्रममा नेपाली काङग्रेसका नेता प्रदीप पौडेलले यहि व्यवस्थाभित्र शासन व्यवस्थाको स्थायित्व खोज्नुपर्ने बताए । उनले राजनीतिक दलका नेतृत्वका स्वार्थका कारण शासन व्यवस्थामा स्थायित्व हुन नसकेको धारणा राखे । 'निर्वाचनमा कुनै पनि राजनीतिक दलले किन बहुमत ल्याउन सकेनौँ भन्ने विषयको खोजी गरौँ । त्यसपछि बाँकी विषयमा छलफल र समाधानको विधिबारे गम्भीर समीक्षा गरेर अगाडि बढ्नुपर्छ' उनले भने ।

कार्यक्रममा नेपाल समाजपाटी पार्टीकी नेतृ मानुषी यमी भट्टराईले प्रत्यक्ष निर्वाचित सरकार प्रमुख र पूर्णसमानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेमात्र मुलुकले स्थायित्व पाउने बताइन् । 'प्रत्यक्ष निर्वाचनमा गयौँ भनेमात्र मुलुकमा शासकीय स्थायित्व ल्याउन सकिन्छ । त्यस्तै पूर्णसमानुपातिक निर्वाचन प्रणालीमार्फत सीमान्तकृतलगायत पछाडि परेका वर्ग समुदायको प्रतिनिधित्व संसदमा हुन्छ' उनको भनाइ थियो । यस्तै, संसदलाई सरकारमा सहभागि नगराउने र व्यवस्थापिकालाई विधायिकाको काममा लगाउनुपर्नेमा समेत उनको जोड थियो ।

# महाधिवेशनमा पेस हुने प्रतिवेदनमाथि छलफल

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को केन्द्रीय कमिटीको बैठकमा पार्टीको राष्ट्रिय महाधिवेशनमा पेस हुने प्रतिवेदनमा छलफल शुरु भएको छ ।

ललितपुरको बालकुमारीमा मङ्गलबारदेखि सुरु भएको बैठकमा अध्यक्ष माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन, सम्मानित नेता झलनाथ खनालले पार्टीको समाजवादी कार्यक्रम, उपाध्यक्ष बेदुराम भुसालले विधान संशोधन र महासचिव घनश्याम भुसालले प्रस्तुत गरेको साङ्गठनिक प्रतिवेदनमाथि सामूहिक छलफल गर्न १२ वटा समूह बनाइएको पोलिटब्यूरो सदस्य दिलु पन्तले जानकारी दिइन् । पार्टीका नेता साध्यबहादुर भण्डारीले पेस गर्नुभएको पूरक प्रतिवेदनमा राष्ट्रियता, नागरिकता वितरण प्रणालीमा कडाइ गर्नुपर्ने माग गरिएको छ ।

राजनीतिक प्रतिवेदनमा राष्ट्रिय एकता, सामाजिक सांस्कृतिक पक्ष, समसामयिक विषयवस्तु उल्लेख गरिएका छन् । देशका समस्त वामपन्थी, प्रगतिशील, देशभक्त, लोकतान्त्रिक शक्तिबीचको सहकार्यलाई जोड दिइएको छ ।

समाजवादी कार्यक्रमसम्बन्धी प्रतिवेदनमा समाजवादको स्वरुप, अन्तर्राष्ट्रिय अभ्यास, आर्थिक रुपान्तरणका साथै वैज्ञानिक समाजवादका विषय समावेश छन् ।

विधान दस्तावेजमा पार्टीमा तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचित हुनुपर्ने, सबै कमिटीलाई लोकतान्त्रिक पद्धतिबाट अनुमोदित गराउने विशेषता छ ।

साङ्गठनिक दस्तावेजमा देशभर पार्टी सङ्गठनको अवस्था, आगामी योजना तथा कार्यक्रम, सशक्त सङ्गठन निर्माणका विधि, महाधिवेशन केन्द्रित अभियान उल्लेख छन् । समूहगत छलफलबाट आएका निष्कर्षलाई टोलीनेताले प्रस्तुत गरेपछि प्रतिवेदनमा समावेश गरी त्यसलाई अन्तिम रुप दिइने केन्द्रीय सदस्य मोहन गौतमले जानकारी दिए ।

पार्टीले आगामी असार १६ देखि २० गते काठमाडौँमा राष्ट्रिय महाधिवेशनको तयारी गरेको छ । नेता गौतमका अनुसार यस विषयमा पनि केन्द्रीय कमिटी बैठकमा बुधबार छलफल गरिएको छ ।

# सोह्रौँ योजना कार्यान्वयन गर्न अनुमानित लागत १११ खर्ब

**रासस**
**काठमाडौँ ।**
सोह्रौँ योजना कार्यान्वयनका लागि करिब एक सय ११ खर्ब रुपैयाँ लागत अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोगले बुधबार सार्वजनिक गरेको विवरणअनुसार सोह्रौ योजना कार्यान्वयन गर्न करिब एक सय ११ खर्ब रुपैयाँ लागत अनुमान गरिएको छ । आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले मङ्गलबार मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको योजना र लागत अनुमानबारे जानकारी दिँदै कार्यान्वयनका लागि आवश्यक लगानीमा समस्या नहुने बताए ।

त्यसैगरी आयोगका प्रवक्ता यमलाल भुसालले सोह्रौँ योजनाले लिएका लक्ष्य कार्यन्वयनका लागि आवश्यक एक सय ११ खर्बभन्दा बढि लागत लाग्ने र लागत सुनिश्चिताका लागि नीजि क्षेत्रको साझेदारी बढाइने बताए ।

उनका अनुसार सोह्रौँ योजनाका रणनीतिहरूमध्ये विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने रहेको छ । 'सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारलगायत सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने लक्ष्य छ' उनले भने । साथै विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई

आन्तरिकीकरण गर्ने तथा अध्ययन, अनुसन्धान एवम् तथ्यमा आधारित नीति निर्माण र विकासका कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्यअनुसार आवश्यक कार्य गरिने पनि उनको भनाइ छ ।

संरचनात्मक रूपान्तणका क्षेत्रहरूमा समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिकवृद्धि गर्ने, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेलगायत छन् । यसैगरी अन्य क्षेत्रहरूमा उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा गर्ने, स्वस्थ, शिक्षित र सीपयुक्त मानव पूँजी निर्माण गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर–आवद्धताका क्षेत्रहरू रहेका छन् । सार्वजनिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८५/८६ सम्म प्रतिव्यक्ति आय वार्षिक २ हजार ३ सय ५१ अमेरिकी डलर पुर्याउने लक्ष्य रहेको छ ।

यस्तै, योजनावद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समतामूलक समाज निर्माण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण, प्रभावकारी वित्त व्यवस्थापन तथा पूँजीगत खर्च क्षमता वृद्धि, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र, अतिकम विकसितबाट विकासशील राष्ट्रमा स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयनका क्षेत्रहरु तोकिएका छन् ।

# आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुर्याउने लक्ष्य




**रासस**
**काठमाडौँ ।**
आगामी पाँच वर्षमा मुलुकको आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । राष्ट्रिय योजना आयोगले बुधबार यहाँ सार्वजनिक गरेको सोह्रौँ योजनाको लक्ष्यअन्तर्गत आर्थिक वृद्धिदर ७.३ प्रतिशत पु¥याउने लक्ष्य राखिएको हो । योजना आयोगका प्रवक्ता यमलाल भुसालले सोह्रौँ योजनाको बारेमा प्रस्तुतिकरण गर्दै आर्थिक वृद्धिदर बढाउने लक्ष्य रहेको बताए । उनका अनुसार आव २०७९/८० मा करिब ३.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८५/८६ सम्म ७.३ प्रतिशत पु¯याउने लक्ष्य छ ।

उनका अनुसार प्रतिव्यक्ति आय वार्षिक दुई हजार तीन सय ५१ अमेरिकी डलर पु¥याउने लक्ष्य रहेको छ । सार्वजनिक सोह्रौँ योजनाका लक्ष्य अनुसार गरिबीको रेखामुनी रहेको जनसंख्या (निरपेक्ष गरिबी) २०.३ प्रतिशतबाट १२ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । यसैगरी उपभोक्ता मुद्रास्फीतिदर ७.७ प्रतिशतबाट ५ प्रतिशतमा झर्ने लक्ष्य रहेको छ । तथ्याङ्क अनुसार मानव विकास सूचनाङ्क ०.६०१ बाट बढाएर ०.६५ पुर्याउने लक्ष्य रहेको छ । मानव सम्पत्ति सूचनाङ्क ७६.३ बाट ७८ पु¥याउने लक्ष्य रहेको छ । आर्थिक तथा वातावरणीय जोखिम सूचनाङ्क २९.७ बाट २४ मा झार्ने लक्ष्य पनि तय भएको छ । यसैगरी अपेक्षित आयु ७१.३ बाट ७३ वर्ष पुर्याउने लक्ष्य रहेको छ । ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार ७७ बाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । उच्च मध्यमस्तरको खानेपानीको पहुँच भएको घरपरिवार २५.८ बाट ४५ प्रतिशत पु¥याउने लक्ष्य रहेको छ । साक्षरता दर ७६.२ बाट ८५ प्रतिशत पु¥याउने लक्ष्य रहेको छ ।

# हृदयाघातबाट दैनिक १० हजार युरोपेलीको मृत्यु



**एएफपी**
**कोपेनहेगन ।**
विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले युरोपमा ४० प्रतिशत मृत्यु हृदयाघातबाट हुने गरेको बताएको छ । यो एक दिनमा १० हजार वा प्रतिवर्ष ४० लाख मृत्यु बराबर हो । सङ्गठनले बुधबार युरोपेलीहरूसँग नुनको सेवन कम गर्न आग्रह गरेको छ । डब्ल्युएचओको युरोप शाखाका निर्देशक हान्स क्लुजले विज्ञप्तिमा भनेका छन्, 'नुनको सेवनलाई २५ प्रतिशतले कम गर्ने लक्षित नीतिहरू लागु गर्दा सन् २०३० सम्म हृदयाघातबाट करिब नौ लाख मानिसको ज्यान बचाउन सकिन्छ ।'

युरोपमा ३० देखि ७९ वर्षबीचका तीन वयस्कमध्ये एकजना उच्च रक्तचापबाट पीडित छन् । रक्तचाप प्राय नुनको अधिक सेवनले हुन्छ । डब्ल्युएचओको युरोपेली क्षेत्रका ५३ मध्ये ५१ मुलुकमा औसत दैनिक नुनको सेवन डब्ल्युएचओले सिफारिस गरेको अधिकतम पाँच ग्राम वा एक चम्चाभन्दा बढी हुन्छ । यसको मुख्य कारण प्रशोधित खाद्य पदार्थ र स्न्याक्स हो । 'नुनको उच्च सेवनले रक्तचाप बढाउँछ, रक्तचाप हृदयाघात वा स्ट्रोकजस्ता हृदय रोगहरूका लागि प्रमुख जोखिम कारक हो', डब्ल्युएचओले भनेको छ ।

सङ्गठनले युरोपमा रक्तचापको विस्तार विश्वमा सबैभन्दा बढी रहेको बताएको छ । सङ्गठनको प्रतिवेदनअनुसार यस क्षेत्रमा महिलाको तुलनामा पुरुषको मृत्यु हुने सम्भावना करिब अढाई गुणा बढी छ । हृदयाघातबाट मृत्यु हुनेमा भौगोलिक विभाजन पनि छ । पश्चिमी युरोपको तुलनामा पूर्वी युरोप तथा मध्य एसियामा हृदयाघातबाट युवा (३० देखि ६९ वर्ष समूह) मृत्यु हुने सम्भावना करिब पाँच गुणा बढी छ ।

# 'नीति तथा कार्यक्रमलाई समर्थन गर्नेगरी बजेट आउँछ'

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री वर्षमान पुनले मङ्गलबार सार्वजनिक भएको सरकारको नीति तथा कार्यक्रमअनुसार नै आगामी आर्थिक वर्षको बजेट आउने बताइएका छन् । नेपाल उद्योग वाणिज्य महासङ्घले बुधबार यहाँ आयोजना गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को पूर्व बजेट अन्तर्क्रियामा अर्थमन्त्री पुनले सरकारको नीति तथा कार्यक्रमले उत्पादन वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, आन्तरिक अर्थतन्त्र सुधार गर्नेलगायत विषयलाई प्राथमिकताका अघि बढाउने उल्लेख गरेको र सोहीअनुसार बजेट बिनियोजन हुने बताएका हुन् ।



'नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा नीतिअनुसार नै बजेट आउँछ र बजेटसँग मेल खानेगरी मौद्रिक नीति आउँछ । बजेटले समर्थन गर्न नसक्ने विषय नीति तथा कार्यक्रममा राखिएका छैनन्' अर्थमन्त्री पुनले भने । आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि विभिन्न क्षेत्रसँग सुझाव लिइएको र कार्यान्वयनयोग्य सुझाव सम्बोधन गरिने प्रतिबद्धता अर्थमन्त्री पुनले बताए । निर्माण आयोजनामा ठेक्का लगाएर दायित्व सिर्जना भइसकेपछि सरकार दायित्वबाट पन्छिन नहुने अर्थमन्त्री पुनको तर्क छ । अहिले उत्पादन र विकास निर्माण क्षेत्र समस्यामा रहेकामा त्यसलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ । निर्माण व्यवसायीहरुको भुक्तानी नरोकिएको पनि उनले स्पष्ट पारे । 'सरकार अभिभावक र अगुवा दुवै हो ।

सरकारलाई सबैले देखिरहेको हुन्छ र सरकारले सबैलाई देखिरहेको हुन्छ । अघिल्ला आर्थिक वर्षको बजेटमा परेका तर बीचमा निरन्तरता हुन नसकेको वा बहुवर्षीय आयोजनालाई निरन्तरता नदिँदा केही समस्या भएको देखिन्छ । भुक्तानी दिनुपर्नेछ भने नयाँ शीर्षकमा राखेर भए पनि भुक्तानी गर्न विषयगत मन्त्रालयलाई भनिसकेको छु', पुनले भने, 'बहुवर्षीय ठेक्का लगाएर दायित्व सिर्जना गर्ने तर दायित्व तिर्न सक्दिन भन्ने बोली सरकारको हुन सक्दैन । राज्य भनेको विगतका नीतिको निरन्तरता हुन्छ । को मान्छे मन परे, को परेनन् वा कस्ता खालका निर्माण व्यवसायीले ठेक्का पाए भन्ने सरोकारको विषय होइन ।' विभिन्न आयोजनामा ठेक्का प्रक्रिया अघि बढाएर दायित्व सिर्जना भइसकेपछि त्यसको जिम्मेवारी सरकारले लिने पनि उनले स्पष्ट पारे । ठूलो जनसंख्या कृषिमा आश्रित रहेकाले नीति तथा कार्यक्रम र बजेटले पनि कृषिलाई प्राथमिकताका साथ अघि बढाउने उनको भनाइ छ । कृषि क्षेत्रलाई निर्वाहमुखी मात्र नभई प्रशोधन उद्योगसँग जोड्न सक्नुपर्ने तथा कृषिजन्य उत्पादनलाई प्रवर्द्धन गर्ने र बजारको सुनिश्चितता गर्ने विषय सरकारको प्राथमिकतामा रहेको उनको भनाइ छ ।

त्यसैगरी विकास पूर्वाधारलाई आर्थिक क्रियाकलापसँग जोड्न सक्नुपर्नेमा अर्थमन्त्री पुनले जोड दिए । सरकारले पूर्वाधार बनाउने तर ती आर्थिक क्रियाकलापसँग जोड्न नसकेका कारण प्रतिफल लिन नसकेको उल्लेख गर्दै पुनले विगतमा सिमेन्ट उद्योगका लागि विद्युत्, सडक निर्माणलगायत सुविधा दिएकामा त्यसबाट प्रतिफलसमेत प्राप्त भएको र सरकारले अब सूचना तथा सञ्चार क्षेत्रको पूर्वाधार निर्माणलाई केन्द्रमा राखेर अघि बढ्ने बताए । आगामी आर्थिक वर्षको बजेटमार्फत करको दर बढाउनेभन्दा पनि दायरा फराकिलो बनाउने विषय प्राथमिकतामा पर्ने उनको भनाइ छ । त्यसैगरी सरकारी नीतिको निरन्तरताका लागि उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले राज्य स्रोतले धान्नसक्ने र रुपान्तरणकारी बजेट ल्याउन सरकारसँग आग्रह गरे । 'अहिलेका मूलभूत समस्या सम्बोधन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न बजेटले रुपान्तरणकारी भूमिका निर्वाह गर्नुपर्ने माग निजी क्षेत्रको छ । आर्थिक रुपान्तरणका लागि निजी क्षेत्र प्रवद्र्धन विशेष योजनामार्फत सुधार थालिनुपर्छ' अध्यक्ष ढकालले भने । आगामी आर्थिक वर्ष बजेटको आकार नबढाउन पनि महासङ्घले सुझाव दिएको छ । 'यसपटक बजेटको आकार नबढाउन हाम्रो सुझाव छ । बजेटको आकार बढाउँदा राजस्व र आन्तरिक ऋण बढाउनुपर्ने चाप सरकारमा पर्नेछ । जसले निजी क्षेत्र हतोत्साही हुने र ऋण दायित्व बढ्न जाने हुँदा यसमा विशेष ध्यान दिनुपर्ने हाम्रो आग्रह हो', महासङ्घ अध्यक्ष ढकालले भने, 'राजस्व र खर्चको अनुमान गत वर्षको बजेटमा नभई वास्तविक खर्चको बढीमा १० प्रतिशत बढाइ खर्च र राजस्व अनुमान गर्नु उपयुक्त हुन्छ ।'

आगामी आर्थिक वर्षबाट लगानी प्रवद्र्धन दशक घोषणा गर्न पनि महासङ्घले माग गरेको छ । त्यसैगरी मुलुकको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) गर्नुपर्ने, द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन गर्नुपर्ने, सम्भावित लगानीकर्तालाई भिसा शुल्क नलाग्ने गरी कम्तीमा तीन वर्षका लागि बहुवर्षीय भिसा उपलब्ध गराउनुपर्ने, एकल बिन्दु सेवाकेन्द्र प्रभावकारी बनाउनुपर्ने तथा स्वदेशी लगानीकर्ताका लागि खुला गरिनुपर्नेलगायत सुझाव महासङ्घले दिएको छ । कर्मचारी चाँडो चाँडो फेरिने अवस्थाको अन्त्य गरिनुपर्ने, 'भायबलिटी ग्याप फन्ड'को पहिचान गरी त्यसको सुविधा दिनुपर्नेलगायतका व्यवस्था सहजीकरणका लागि पनि महासङ्घले आग्रह गरेको छ ।

उद्यमशीलता नीति बनाइ 'उद्यमी नेपाली' कार्यक्रमअन्तर्गत निर्यातका आधारमा सहुलियत दिइने उत्पादनमा आधारित सहुलियत कार्यक्रम पाँच वर्ष सञ्चालन गर्नुपर्ने, आयात प्रतिस्थापन गर्ने उद्योगलाई निर्यात अनुदानको आधा अनुदान प्रदान गर्नुपर्ने, औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी वस्तुभन्दा दुई तह कम हुनुपर्नेलगायतका माग निजी क्षेत्रको छ । औद्योगिक करिडोर विशेष कार्यक्रमअन्तर्गत भारतीय सीमादेखि चुरेफेदीसम्मका सडक किनार र आसपासका क्षेत्र तथा अन्य सम्भावित करिडोरमा उद्योग लक्षित विशेष कार्यक्रम ल्याउनु आवश्यक रहेको महासङ्घ अध्यक्ष ढकालले बताए । उत्पादनमूलक उद्योगमा लाग्दै आएको आयकर क्रमशः घटाइ पाँच वर्षमा पाँच प्रतिशत बिन्दुले कम गरी निश्चित अवधिसम्म नबढने सुनिश्चिता गर्न पनि निजी क्षेत्रको माग छ ।

एक सयभन्दा बढी रोजगारी दिने उत्पादनमूलक उद्योग, पर्यटनलगायतका सेवा उद्योग, सूचना प्रविधि उद्योगलाई रोजगार च्याम्पियनको सम्मानसहित आयकरमा न्यूनतम ४० प्रतिशत छुट दिनु पर्ने महासङ्घको सुझाव छ । त्यस्तै उत्पादनमूलक तथा आयात प्रतिस्थापन गर्ने उद्योगलाई विद्युत् महशुलमा पाँच वर्षसम्म ५० प्रतिशत छुट दिइनुपर्ने उसको माग छ । उत्पादनमूलक क्षेत्रका उद्योगलाई आवश्यकपर्ने कच्चापदार्थ आयात गर्दा अन्तःशुल्क नलाग्ने व्यवस्था गरिनुपर्ने, पुँजीगत लाभकरलगायत अन्य कर विवाद समाधानका लागि न्यायनिरुपणको प्रक्रिया छिटो र सहज बनाइनुपर्ने, एसेट म्यानेजफेन्ट फण्ड स्थापना गर्नुपर्नेलगायत सुझाव दिएको छ ।

नेपालमा उद्यमशीलताको भविष्य सुनिश्चित गर्न लघु, घरेलु एवं साना उद्यमीको स्थापना सञ्चालन र बहिर्गमन सहज बनाउन सानालाई सहुलियत कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको महासङ्घले जनाएको छ ।

पूर्वानुमानित कर विवरण (डे १) दाखिला गर्ने कारोबारको सीमा एक करोड रुपैयाँसम्म विस्तार गरी हालको कर रकम पाँच वर्षका लागि आधा घटाउनुपर्ने, साना उद्यमीलाई २५ लाख रुपैयाँसम्मको परियोजना कर्जा बिनाधितो उपलब्ध गराई सो कर्जाको बीमा गराउनुपर्नेलगायतका माग परिसङ्घका छन् । लघु घरेलु, साना र महिला उद्यमीलाई पुनःकर्जा सुविधा उपलब्ध गराइनुपर्ने, नेपाली उत्पादन २० प्रतिशतसम्म महङ्गो भए पनि उपभोग गर्ने नीति तत्काल कार्यान्वयन गर्नुपर्ने, स्टार्टअप कार्यक्रम सञ्चालन गरी यस्ता उद्यमलाई हाल प्रदान गरिएको पाँच वर्षसम्मको आयकर छुटलाई अर्को पाँच वर्ष ५० प्रतिशत छुट दिइनुपर्ने र आगामी आर्थिक वर्षभित्रमा कम्तीमा एक सय स्टार्टअपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न 'सय स्टार्टअप, सय लगानीकर्ता' कार्यक्रम सञ्चालन गरी निजी क्षेत्रसँग सहकार्य गर्न सुझाव दिएको छ ।

त्यस्तै, 'प्रविधिबाट समृद्धि कार्यक्रम', 'नेपालमा स्वागत छ' कार्यक्रम, कृषि पारिस्थितिक प्रणाली (इकोसिस्टम) सुधार कार्यक्रम, निर्यात प्रवद्र्धन विशेष योजनालगायत कार्यक्रम ल्याउन पनि महासङ्घले सरकारसँग आग्रह गरेको छ । ऊर्जा क्षेत्रमा सुधारका लागि विद्युत ऐन २०४९ मा जलविद्युत् आयोजना निर्माण गरी सञ्चालन गर्ने कम्पनीलाई १० वर्षसम्म पूर्ण तथा १० देखि १५ वर्षसम्म ५० प्रतिशतका दरले आयकरमा छुट पाउने र भ्याट फिर्ता दिने सुविधा २०८२ असार मसान्तभित्र निर्माण पूरा गर्ने कम्पनीले मात्र पाउने व्यवस्था भएकामा यो समय सीमालाई पाँच वर्ष थप गरी २०८७ सम्म विस्तार गर्न महासङ्घले सुझाव दिएको छ ।

# ललितपुर मेयर्स कप क्रिकेटः एपिएफ फाइनलमा प्रवेश

**रासस**
**काठमाडौँ ।**
ललितपुर मेयरर्स कप क्रिकेट–२०८१ अन्तर्गत बुधबार भएको खेलमा शसस्त्र प्रहरी बलको (एपिएफ) क्लब आयोजक ललितपुर मेयर्स–११ लाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सम्पन्न खेलमा ललितपुरलाई आठ विकेटले पराजित गर्दै एफिएफ एक खेल अगावै प्रतियोगिताको फाइनलमा पुगेको हो । एपिएफले तीन खेलमा छ अङ्क बटुलेको छ । त्यस्तै सुदूरपश्चिमले दुई खेलमा चार अङ्क रहेको छ । यता ललितपुरको तीन खेलमा दुई अङ्क रहेको छ भने समान दुई÷दुई खेल खेलेका कोशी प्रदेश र बागमती प्रदेश अङ्कविहीन छन् ।



बुधबारको खेलमा ललितपुरले दिएको ७२ रनको लक्ष्य एपिएफले नौ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउदै पूरा गर्यो । एपिएफका लागि कप्तान सीता रानामगरले सर्वाधिक ५० रनको योगदान दिइन । उनले ३५ बलमा आठ चौकासहित ५० रन बनाएकी हुन् । त्यस्तै ममता चौधरीले २१ बलमा एक चौकासहित १६ रन बनाइन् भने इन्दु बर्मा र रोमा थापा समान एक /एक रनमा अविजित रहे ।

ललितपुरका लागि कृतिका मरासिनीले दुई विकेट लिइन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको ललितपुरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर ७१ रनको योगफल बनाएको थियो । कप्तान पुजा महतोले सर्वाधिक २४ रन बनाइन । उनले ३९ बलमा एक चौकासहित २४ रन बनाइन् । त्यस्तै ज्योत्स्निका मरासिनीले ३९ बलमा १ चौका नै प्रहार गर्दै २१ रन जोडिन् । एपिएफका लागि रेखा रावल र कप्तान सीता रानामगरले समान एक ÷एक विकेट लिए । विभिन्न पाँच टोली सहभागी उक्त प्रतियोगिता सिंगल राउण्ड रोबिनका आधारमा हुँदैछ । लिग चरणका शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

# परोपकारका प्रेरणा ट्याक्सी चालक मगरको सम्मान



**रासस**
**गण्डकी ।**
सबै मानिस विष्णु काउचामगर जस्ता परोपकारी हुँदैनन् । ट्याक्सी चालक उनी आफ्नो सवारीसाधनलाई बागलुङको पश्चिम भेगमा गुडाउँछन् । आठ वर्षअघि ट्याक्सी चलाउन थालेको उनले बिरामीलाई निःशुल्क सेवा दिएर पुण्यार्जन गरिरहेका छन् । गलकोट नगरपालिका–१० पाण्डवखानीका उनले गलकोट नगर अस्पतालसम्म ट्याक्सीमा निःशुल्क बिरामी बोक्न थालेको सोमबार वर्ष दिन पुग्यो । सो अवसरमा उनलाई गलकोट नगरपालिका र अस्पताल व्यवस्थापन समितिले सम्मान पनि गर्यो । मगरले हरेक सोमबार गलकोट–३ हटियाबजारबाट गलकोट–५ हरिचौरस्थित नगर अस्पतालसम्म बिरामीलाई निःशुल्क ट्याक्सी सेवा दिँदै आएका छन् । करिब चार किमी दूरीको उक्त सडकखण्डमा एक दिन भए पनि निःशुल्क यात्रा गर्न पाउँदा बिरामी र उनीहरूका आफन्त खुसी छन् । भाडाको सवारीसाधनमा महँगो शुल्क तिरेर अस्पताल जानुपर्ने बाध्यता केही हदसम्म भए पनि कम भएको छ । उनले हरेक सोमबार बिहान ९ देखि दिउँसो ४ बजेसम्म निःशुल्क ट्याक्सी सेवा सञ्चालन गर्दै आएका छन् । 'नगर अस्पताल जाने बरामी, उनीहरूका सहयोगी र भेट्न जाने आफन्तलाई निःशुल्क सेवा दिने गरेको छु', उनले भने, 'सरकारी अस्पतालप्रति सर्वसाधारणको आकर्षण र विश्वास बढोस् भनेर मैले साताको एक दिन ट्याक्सी सेवालाई निःशुल्क बनाउने निर्णय गरेको हुँ ।' गत एक वर्षमा झण्डै चार हजार बिरामी र उनीहरूका आफन्तलाई निःशुल्क सेवा प्रदान गरेको मगरले बताए । 'कोहीले धेरैपटक सेवा लिनुभएको हुनुसक्छ, अस्पताल ल्याउने र लैजाने गर्दा संख्यात्मक रूपमा झण्डै चार हजारलाई निःशुल्क सेवा दिएको मेरो आकलन छ', मगरले भने, 'यस कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिन्छु ।' साताको छ दिन कमाइ गर्ने र एक दिन सेवामा समर्पित हुने सोचअनुसार बिरामीलाई निःशुल्क ट्याक्सी सेवा दिइरहेको मगरले बताए । उनी आफैँ ट्याक्सी व्यवसायी र चालक हुन् । उनले एकैदिनमा कम्तीमा ४० देखि ८० जनासम्मलाई निःशुल्क सेवा दिएको बताए । गलकोट नगरपालिकाका प्रमुख भरत शर्मागैरैले मानवीय सेवाप्रति मगरले देखाएको सर्मपण भाव प्रशंसनीय रहेको बताए । 'उहाँको सेवाबाट सर्वसाधारण बिरामीलाई राहत मिलेको छ, उहाँको योगदान कदरयोग्य छ', प्रमुख गैरेले भने, 'सडक स्तरीय बनाउने काम भइरहेकाले अस्पतालसम्मको आउजाउ अझै सहज हुन्छ ।' स्वास्थ्यचौकीलाई नगर अस्पतालका रूपमा स्तरोन्नति गरेपछि सेवाको गुणस्तर थपिएको र अस्पतालप्रति जनविश्वास पनि बढेको उनले बताए । यसअघि नगरपालिकाले स्थापना दिवसमा समाजसेवीका रूपमा मगरलाई सम्मान गरेको थियो । नेपाल मगर सङ्घ गलकोट नगर समितिद्वारा पनि उनी सम्मानित भइसकेका छन् । 'सम्मान र हौसलाले सामाजिक सेवाप्रति थप क्रियाशील हुने प्रेरणा मिलेको छ', उनले भने, 'बिरामीले प्रकट गर्ने सम्मानजनक व्यवहार र आर्शीवचनले त झनै मनमा खुसी मिल्छ ।'

# किसानलाई अनुदानमा ५४ हजार माछाका भुरा

**रासस**
**दमौली ।**
तनहुँको म्याग्दे गाउँपालिकाले शतप्रतिशत अनुदानमा कृषकलाई माछाको भुरा वितरण गरेको छ । व्यावसायिक रुपमा माछापालन गरिरहेका कृषकलाई प्रोत्साहन गर्न पालिकाले माछाका भुरा वितरण गरेको हो । गाउँपालिकाका सातवटै वडाका कृषकलाई ५४ हजार तीन सय माछाका भुरा वितरण गरेको गाउँपालिकाका पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिए ।

माछापालन गरिरहेका कृषकलाई प्रोत्साहन गर्न र माछापालन व्यवसायमा टिकाइराख्ने उद्धेश्यसहित गाउँपालिकाले अनुदानमा भुरा वितरण गरेको उनको भनाइ छ । डा शाहले भने, 'विगत लामो समयदेखि माछापालन व्यवसायमा आवद्ध कृषकसँग भुरा प्राप्तिका लागि निवेदन माग गरेका थियौँ । निवेदन प्राप्त भएका २७ जना कृषकलाई भुरा वितरण गरिएको छ ।' उनका अनुसार प्रति रोपनी छ सयका दरले माछाका भुरा वितरण गरिएको हो ।

कृषकलाई तातो हावापानीमा हुर्किन सक्ने कमन कार्प जातका भुरा वितरण गरिएको डा शाहले बताए । उनले भने, 'म्याग्दे गाउँपालिकाको हावापानीसँग मिल्ने प्रजातिका भुरा बाँडेका हौँ ।

यो माछा एक वर्षमा दुई किलोसम्म हुन्छ ।' गाउँपालिकाले सङ्घीय सरकार कृषि अनुसन्धान केन्द्र मातहतको मत्स्य अनुसन्धान केन्द्र बेगनासबाट प्रति भुरा ५० पैसामा खरिद गरेको हो । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले माछापालक कृषकलाई प्रोत्साहन गर्न अनुदानमा भुरा वितरणको कार्यक्रम ल्याइएको बताए । 'पालिकाले व्यावसायिक रुपमा काम गरिरहेका सबै कृषकलाई अनुदानको नीति ल्याएको छ, सोही बमोजिम कृषकलाई पनि शतप्रतिशत अनुदानमा भुरा वितरण गरेका हौँ', उनले भने । श्रेष्ठले यो कार्यक्रमले व्यवसाय गरिरहेकालाई प्रोत्साहन हुने भन्दै नयाँलाई आकर्षण थप्ने विश्वास लिइएको उल्लेख गरे । गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सूचना माग अनुसार विवरण सङ्कलन गरी पोखरीको क्षमता हेरेर भुरा वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

म्याग्दे–४ का हिमनारायण कायस्थले गाउँपालिकाले निःशुल्क रुपमा उपलब्ध गराएको माछाका भुराले व्यवसाय सञ्चालनमा सहयोग पुगेको बताए । उनले भने, 'हामी लामो समयदेखि माछापालनमा आवद्ध छौँ ।

व्यवसायलाई प्रोत्साहन गर्ने नीति गाउँपालिकाले लिएकाले हामीलाई सहज भएको छ ।' म्याग्दे–४ का भिमकुमारी रानालाई एक हजार आठ सय, कायस्थलाई पाँच हजार चार सय, टोपप्रसाद थापालाई एक हजार दुई सय, वडा नं १ का पूर्णिमा थापालाई दुई हजार चार सय, जगतबहादुर थापालाई दुई हजार चार सय, सन्तमान बोटेलाई एक हजार आठ सय, वडा नं ३ का बोलबहादुर आलेलाई तीन हजार, टुपबहादुर थापालाई तीन हजार, धनबहादुर थापालाई एक हजार दुई सय, वसुन्धरा बराई मगरलाई दुई हजार चार सय, वसन्ती सारु मगरलाई एक हजार दुई सय, भरतबहादुर उच्चै मगरलाई छ सय, नविन बराईलाई एक हजार आठ सय, बालचन्द्र शाहीलाई छ सय, वडा नम्बर २ का लक्ष्मण थापालाई छ सय, विष्णुबहादुर नेपालीलाई एक हजार दुई सय, बेलबहादुर अधिकारीलाई एक हजार आठ सय माछाको भुरा वितरण गरिएको छ ।

वडा नं ५ का तालबहादुर आलेलाई तीन हजार छ सय, जगत थापालाई एक हजार आठ सय, मिनाकुमारी थापालाई पाँच हजार चार सय, बलिसिरा रानालाई छ सय, वडा नं ६ का श्रीबहादुर रानालाई छ हजार, शेरबहादुर गुरुङलाई तीन सय, वडा नं ७ का धुरवराज वाग्लेलाई छ सय, ओमराज गोतामेलाई छ सय, अच्युतराज काफ्लेलाई एक हजार दुई सय, रमादेवी पौडेललाई एक हजार आठ सय भुरा वितरण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

# च्याङ्ग्रा पस्मिना निर्यातसम्बन्धी निर्देशिका सार्वजनिक

**रासस**
**काठमाडौँ ।**
प्रमुख अन्तर्राष्ट्रिय बजारहरुमा नेपालका हिमाली च्याङ्ग्रा पस्मिना निर्यात गर्न साना व्यवसायीहरूलाई सहजीकरण गर्ने उद्देश्यले तयार भएको पस्मिना निर्यात सहजीकरण निर्देशिका यहाँ सार्वजनिक गरियो । उक्त निर्देशिकालाई युरोपेली आयोगको अन्तर्राष्ट्रिय साझेदारीका लागि महानिर्देशनालय (आइएनटिपिए) की उपमहानिर्देशक मिरियम फेरान, उद्योग, नेपालका लागि युरोपियन युनियनकी राजदूत भेरोनिक लोरेन्जो, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबुराम अधिकारी तथा नेपाल पस्मिना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले यहाँ आयोजित कार्यक्रममा सार्वजनिक गरे । उक्त अवसरमा उपमहानिर्देशक फेरान, महामहिम राजदूत लोरेन्जो तथा सहसचिव अधिकारीले इयू–नेपाल व्यापार तथा लगानी कार्यक्रमको प्राविधिक सहयोगमा सञ्चालनमा रहेको नेपाल फाइबर प्रशोधन सुविधाको संयुक्त रुपमा शुभारम्भ पनि गरे । उक्त सुविधाले च्याङ्ग्रा किसानबाट सङ्कलन गरिएको फाइबर प्रशोधन गरी पस्मिना उत्पादकहरूलाई आपूर्ति गर्दै आएको छ । पस्मिना मूल्य शृङ्खलालाई सुदृढ गर्न युरोपेली सङ्घको बृहत् सहयोगको एक हिस्साका रूपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले इयु–नेपाल व्यापार तथा लगानी कार्यक्रमको प्राविधिक सहयोगमा गाइड तयार गरेको हो । जापान, युरोपेली सङ्घ, संयुक्त राज्य अमेरिका र बेलायतजस्ता प्रमुख अन्तर्राष्ट्रिय बजारहरूका लागि विशेषरूपमा तयार पारिएको यो गाइडले नेपालको पस्मिना निर्यात प्रयासलाई उल्लेखनीय रूपमा बलियो बनाउने विश्वास गरिएको छ । गाइडले फर्म दर्ता, इजाजतपत्र, निर्देशन, भन्सार, ढुवानी, र रसद प्रक्रियाहरू समावेश गर्दै चरण–चरणगत प्रक्रियाहरू रूपरेखा दिन्छ । यसबाहेक यसले गन्तव्य देशहरूद्वारा निर्धारण गरिएका आयात आवश्यकताहरूबारे पर्याप्त जानकारी गराउनाका साथै भन्सार दरहरू, गुणस्तर मापदण्डहरू, ढुवानी लागत, समय सीमालगायत व्यापारसँग सम्बन्धित अन्य महत्वपूर्ण जानकारीहरू दिनेछ । नेपालका साना र मझौला उद्यमहरू (एसएमई) मा अन्तर्राष्ट्रिय बजार र व्यापारसम्बन्धी जानकारीको कमी भइरहेको बेला यस गाइडले उनीहरूलाई निर्यातसम्बन्धी औपचारिकता र प्रक्रियाहरूका बारेमा जानकारी प्रदान गर्न महत्वपूर्ण उपकरणका रूपमा काम गर्दछ । निर्यातसम्बन्धी पर्याप्त जानकारीले नेपाली व्यवसायीहरूलाई विश्वव्यापी मञ्चमा थप प्रतिस्पर्धी बनाउन सहयोग पुग्नेछ । नेपालको हिमालयन च्याङ्ग्रा पस्मिनाले आफ्नो अद्वितीय गुणस्तर र सांस्कृतिक महत्वका कारण अन्तर्राष्ट्रिय बजारमा विशिष्ट स्थान ओगटेको छ । 'नेपाल व्यापार एकीकरण रणनीति २०२३' ले च्याङ्ग्रा पस्मिनालाई निर्यातको उच्च प्राथमिकतामा राखेको छ ।

त्यसैगरी, 'पस्मिना क्षेत्र निर्यात राष्ट्रिय रणनीति २०२२–२०२६' ले सन् २०२६ सम्ममा पस्मिना निर्यातको आकार सात करोड ५० लाख अमेरिकी डलर पु¥याउने लक्ष्य राखेको छ । उक्त अवसरमा सहसचिव अधिकारीले नेपालको हिमालयन च्याङ्ग्रा पस्मिनाले आफ्नो अद्वितीय गुणस्तर र सांस्कृतिक महत्वका कारण अन्तर्राष्ट्रिय बजारमा विशिष्ट स्थान ओगटेको उल्लेख गर्दै नेपाल सरकारले पस्मिनालाई उच्च प्राथमिकताको निर्यातयोग्य वस्तुका रूपमा लिएको बताए । उक्त गाइड नेपाली पस्मिना निर्यातका लागि महत्वपूर्ण गन्तव्य बजारहरूको विस्तृत जानकारीको उपयोगी रहेको




बताउँदै यसको उपयोग गरी निर्यात बढाउन व्यवसायीहरूलाई आग्रह गरे । उपमहानिर्देशक मिरियम फेरानले नेपालको विकास यात्रामा लामो समयदेखिको साझेदारका रूपमा युरोपेली सङ्घले व्यापार र लगानीका माध्यमबाट नेपालको समृद्धिमा बढावा दिँदै आएको र यस किसिमको सहयोग आगामी दिनमा पनि जारी रहने बताउँदै गाइडले नेपाली निर्यातकर्ताहरूलाई अन्तर्राष्ट्रिय बजारबारे महत्वपूर्ण जानकारी प्राप्त हुने र यसको सदुपयोगबाट व्यवसायीले लाभ लिने विश्वास व्यक्त गरे । कार्यक्रममा भिडियो सन्देश दिँदै अन्तर्राष्ट्रिय व्यापार केन्द्रका डिभिजन अफ कन्ट्री प्रोग्राम निर्देशक आशिष शाहले यस गाइड नेपाली निर्यातकर्ताहरू विशेषगरी साना र मझौला उद्यमहरू (एसएमइहरू) ले निर्यात प्रक्रिया र गन्तव्य बजारका लागि आवश्यक गुणस्तर मापदण्डहरूबारे यस गाइडबाट महत्वपूर्ण जानकारी पाउने बताए । साथै शाहले निर्यातकर्ताहरूका लागि अन्तर्राष्ट्रिय बजारको अवस्थाबारे गाइडबाट ज्ञान प्राप्त हुने भएकोले यसको भरपुर उपयोग गरी प्रतिस्पर्धात्मक क्षमता बढाउन आग्रह गरे । नेपाल पस्मिना उद्योग सङ्घका अध्यक्ष धनप्रसाद लामिछानेले पस्मिना उद्यमीहरूका लागि तयार पारिएको यो गाइड तयार गर्न इयु नेपाल व्यापार तथा लगानी कार्यक्रमले सहयोग गरेकामा आभार व्यक्त गर्दै महत्वपूर्ण अन्तर्राष्ट्रिय बजारमा नेपाली पस्मिनाको निर्यातलाई प्रवद्र्धन गर्न सहयोगी हुने विश्वास व्यक्त गरे ।

# आफ्नै अनुसन्धानबाट प्रमाण पुर्‍याएर इतिहास लेख्ने ज्ञानमणि

**रासस**
**काठमाडौँ ।**
ज्योतिष एवम् इतिहासका विद्वान नयराज पन्तले खोलेको पाठशालाका पहिलो चरणका शिष्यमध्ये थिए इतिहासकार ज्ञानमणि नेपाल । पन्तले खोलेको पाठशालापछि संशोधन मण्डलमा परिणत भएको थियो । पन्तले भारतको बनारसबाट ज्योतिष विषयमा उच्च शिक्षा हासिल गरी फर्केपछि १९९५ सालमा संस्कृत पाठशाला खोलेका हुन् । यसैलाई पछि संशोधन मण्डल नामकरण गरिएको थियो । पन्तले स्थापना गरेको गुरुकुलीय पद्वतिको पाठशालामा अध्ययन गरेकाले इतिहासकार नेपालसँग कुनै शैक्षिक प्रमाणपत्र त थिएन । नयराज पन्तको गुरुकुलमा अध्ययन गर्ने शिष्यसँग औपचारिक प्रमाणपत्र नभए पनि अहिले विभिन्न क्षेत्रमा अब्बल भएर काम गरिरहेका भेटिन्छन् । गुरुकुलमा अध्ययन पूरा गरेपछि नेपालले पशुपति क्षेत्रस्थित मृगस्थलीमा योगी नरहहिनाथलगायतले स्थापना गरेको संस्कृत पाठशालामा पढाए । एक वर्षसम्म मृगस्थलीको गुरुकुलमा पढाएपछि नेपाल गृह जिल्ला भोजपुर फर्किए । भोजपुरमा केही वर्ष काम गरेपछि उनी काठमाडौँ फर्किएर नेपाल तथा एशिया अध्ययन केन्द्र (सिनास) मा काम गर्न थाले । संस्कृत साहित्यमा नेपाल अब्बल थिए । यसले गर्दा प्राचीनकालमा संस्कृत भाषामा लेखिएका कागजातको अध्ययन गरी इतिहास लेखनमा उनलाई मद्दत पुग्यो । नयराज पन्तले 'मेरो ज्योतिषको उत्तराधिकारी भोलानाथ हो, वाङ्मयपट्टि ज्ञानमणि हो' भनेको सुन्नेहरु अहिले पनि छन् । उनका धेरै समकालीनले यो सम्झना सुनाउने गरेका छन् । नेपाल प्रमाण पु¥याएर इतिहास लेख्ने प्रतिभाशाली लेखकमा पर्छन् । उनीसँग नेपालको इतिहास र सांस्कृतिक विषयमा धेरै ज्ञान थियो । नेपालका नेपाल निरूपण, नेपाल निरुक्त र नेपालको पूर्वमध्यकालको इतिहासमा इतिहाससम्बन्धी धेरै विषयवस्तु समेटिएको छ । यी उनका पढ्नैपर्ने पुस्तकमा पर्छन् । इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको कमी भयो भन्ने चर्चा चलिरहेका बेला नेपालको लगनशीलताले आकर्षित गरेर उनीसँग अध्ययन गर्न जानेको संख्या पनि उल्लेख्य थियो ।

**'राज्यले उपयोग गर्न सकेन ज्ञानमणिको ज्ञान'**

पछिल्लो समय नेपालसँग अध्ययन अनुसन्धानमा सक्रिय भएका हरिप्रसाद सोडारी उनमा भएको ज्ञान राज्यले उपयोग गर्न नसकेको बताउँछन् । इतिहास र संस्कृतिसम्बन्धी गहिरो ज्ञान भएका नेपालमा ऐतिहासिक सन्धिपत्रलगायत सामग्री अध्ययन गर्ने क्षमता थियो । उनबाट यसको ज्ञान पुस्तान्तरण गराउन भने राज्य नै चुकेको उनी बताउँछन् । उनी नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य भएका बेला इतिहाससम्बन्धी धेरै काम भएको थियो । उनको बहुचर्चित पुस्तक 'नेपालको महाभारत' साझा प्रकाशनले प्रकाशित गरेको थियो । अहिले बजारमा पाइँदैन । यसको पुनःप्रकाशन नहुँदा धेरैले चाहेर पनि अध्ययन गर्न नपाएको सोडारी बताउँछन् । इतिहासकार नेपालले लेखेको पहिलो पुस्तक ऐतिहासिक पत्रसङ्ग्रह भाग १ हो । नेपाली इतिहासको अध्ययन अनुसन्धानका लागि यो महत्वपूर्ण पुस्तक मानिन्छ । २०१४ सालमा नै लेखिएको यस पुस्तकमा त्यस बेलासम्म नेपालमा प्रकाशमा नआएका विशेषगरी मध्य र शाहकालका ऐतिहासिक पत्रहरूको व्याख्या गरिएको छ । यसबाट त्यस समयको अध्ययन, अनुसन्धान गर्न चाहनेका लागि महत्वपूर्ण सन्दर्भ सामग्रीका रुपमा यो स्थापित भएको छ । पुस्तकमा लेखिएका प्रमाणको सक्कल कागजातको तस्बिर पनि छापिएको छ । धनबज्र बज्राचार्यसँगको सहलेखनमा यो पुस्तक तयार भएको हो । बज्राचार्य पनि नयराज पन्तकै शिष्य थिए । पन्तले बढी रुचाएका शिष्यमा बज्राचार्य र नेपाल रहेका थिए । नेपालको प्राचीन इतिहासका विषयमा नेपालले लामो समय कलम चलाए । उनले साहित्यिक कृति पनि उत्तिकै प्रकाशन गरे । सिनासबाट उनका धेरै पुस्तक प्रकाशन भएका छन् । 'नेपालको पूर्वमध्यकालीन राजनीतिक इतिहास' तिनैमध्येको पुस्तक हो । त्यस कालखण्डबारे एउटा लेख पनि नभएका बेला नेपालले नेपाली अनुसन्धाता र इतिहासका विद्यार्थीका लागि अध्ययन सामग्री उपलब्ध गराइदिएको सम्झन्छन् इतिहासविद् त्रिरत्न मानन्धर । 'नेपाल निरुक्त' र 'नेपाल निरूपण' पनि उनका महत्वपूर्ण पुस्तक हुन् । यी पुस्तक उनका लेखका सङ्कलनका रुपमा रहेका छन् । ती सबै मौलिक स्रोतमा आधारित छन् । जसमा प्रमाणिक कुरामात्र राखिएकाले अनुसन्धाताका लागि उपयोगी मानिन्छन् । हरेक पुस्तक आफैँ अनुसन्धान गरेर लेख्ने उनको मौलिकशैली थियो ।

अन्यत्र प्रकाशित स्रोतमा उनी भर पर्थे । आफैँ खोजी गरेर पुष्टि भएपछि मात्र त्यसलाई पुस्तकको रुप दिने गर्थे । नेपालले परराष्ट्र मन्त्रालयका कागजपत्र खोजेर तिनको व्याख्या गरी पुस्तक लेखेका छन् । उनले काठमाडौँको गुठीका बारेमा अनुसन्धान गरी लेखिएको लेख पनि चर्चित छ । नेपाल र भोटबीचको सांस्कृतिक सम्बन्धका विषयमा पनि उनले पुस्तक लेखेका छन् । नेपालको सबैभन्दा धेरै चर्चित, बढी पढिएको र धेरैले सन्दर्भसूचीका रूपमा उल्लेख गर्ने गरेको पुस्तक नेपालको 'महाभारत' भएको इतिहासविद् मानन्धर बताउँछन् । सो पुस्तकमा उनले शाहकालका विभिन्न षड्यन्त्रका विषयलाई समेटेका छन् । सिनासले प्रकाशन गर्ने जर्नल कन्ट्रिब्यूशन टू नेप्लिज स्टडीलगायत पत्रपत्रिकामा पनि उनका धेरै लेख छापिएका छन् । वैचारिक बहसमा सक्रियतापूर्वक सहभागी हुने निर्भिक समीक्षक पनि उनी थिए । इतिहासको खोज, अनुसन्धान गरी जीवनको अन्तिमसम्म पनि उनले लेखिरहेका छन् । रोगले थलिए पनि उनीले अध्ययन, अनुसन्धान र लेखनलाई बिट मारेनन् । फलस्वरुप उनले आफ्नो नाम अनुसारको काम भने झैँ ज्ञानको मणि बनेर नेपाली इतिहासमा तीन दर्जनभन्दा बढी कृति दिएर गएका छन् । मुटु र मिर्गौलासम्बन्धी रोगबाट पीडित नेपालको उपचारका क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल परिसरस्थित मनमोहन कार्डियोभास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा यही जेठ १ गते मध्याह्नमा निधन भएको थियो । इतिहासकार नेपालका दुई छोरा छन् । उनकी श्रीमतीको भने केही वर्षअघि नै निधन भइसकेको उनका भाइ एकमणि नेपालले जानकारी दिए । नेपाललाई एक सिद्धहस्त, नेपालको सांस्कृतिक इतिहासका ज्ञाता र खोजकर्ताको रूपमा चिनिन्छ । भोजपुरमा विसं १९८९ माघ शुक्लपञ्चमी अर्थात् श्रीपञ्चमीका दिनमा जन्मिएर खोटाङमा कार्यक्षेत्र बनाइ कौमुदी, चण्डीबाट शिक्षाआर्जन गर्न सुरु गरेका थिए ।



काठमाडौँमा आई इतिहासप्रति अभिरुचि राखेर नेपालले अध्ययन गरी इतिहाससम्बन्धी अनेकौँ कृति प्रकाशन गरेका छन् । जसमा 'नेपाल निरुपण', 'नेपाल निरुक्त', 'नेपालको महाभारत', 'पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन', 'पुराना कविता'लगायत करिब तीन दर्जन कृति प्रकाशित भएको लेखक एवम् साहित्यकार सोडारीले जानकारी दिए । नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य रहिसकेका नेपाललाई नेपालको इतिहासमा एक अन्वेषक इतिहासकारका रुपमा स्मरण गरिने छ । इतिहास कसैलाई खुसी बनाउन भन्दा पनि वास्तविकता जे हो, त्यही जनसमक्ष ल्याउने विषय हो भन्ने नेपालका मूलमन्त्र थियो ।

यही मन्त्रबाट प्रेरित भएर उनले नोपलको ऐतिहासिक अध्ययन र लेखन गरेर बिदा भएका छन् ।

# मधेश प्रदेशका ९० प्रतिशत नागरिक बीमाको पहुँच बाहिर

**रासस**
**वीरगंज ।**
मधेश प्रदेशका ९० दशमलव ६ प्रतिशत नागरिक बीमाको पहुँच बाहिर रहेका छन् । यहाँ बीमासम्बन्धी सचेतनाको कमी र सीमापार बीमा गर्ने परिपाटीका कारण बीमाप्रतिको आकर्षणमा कमी आएको हो । मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख १४ हजार रहेको छ । नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयका अनुसार प्रदेशको कुल जनसंख्यामध्ये २०८० चैत मसान्तसम्म नौ दशमलव चार प्रतिशत अर्थात् पाँच लाख ७३ हजार चार सय ३३ ले मात्रै बीमा गराएका छन् ।

यो तथ्याङ्कले मधेश प्रदेशमा बीमाप्रति सर्वसाधारणको आकर्षण कम रहेको देखाउँछ । नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयका प्रमुख कुशुम शर्माले मधेश प्रदेशमा बीमाको पहुँच कम भएकाले तीनवटै तहका सरकारको समन्वयमा प्रदेशभरिका जनताको बीमा गर्ने योजना अघि बढाउन आवश्यक रहेको बताए ।

'मधेश प्रदेशमा बीमाको पहुँच न्यून देखिएको छ । यहाँका जनताको आर्थिक तथा स्वास्थ्यको स्तर कमजोर भएकाले तीनवटै तहको सरकारले आवश्यक समन्वय गरेर प्रदेशभरिका जनताको बीमा गरिदिने परिपाटीको विकास गर्न आवश्यक देखिएको छ', उनले भने, 'यसअघि कर्णाली प्रदेश सरकारले त्यहाँका सबै जनताको बीमा गरिदिएझैँ यहाँ पनि सबै जनताको बीमा गर्न जरुरत देखिन्छ, त्यसका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरण तयार छ ।' मधेश प्रदेशमा मात्रै होइन, समग्र मुलुकभरिका नागरिकमा बीमा पहुँचको अवस्था सन्तोषजनक छैन ।

विसं २०८० को चैत मसान्तसम्म मुलुकभरिका ४३ दशमलव तीन प्रतिशत जनसंख्या मात्रै बीमाको पहुँचमा छन् । अझै ५६ दशमलव सात प्रतिशत नागरिक जीवन बीमाको पहुँचभन्दा बाहिर छन् । विसं २०७५ सम्म मुलुकभरि १७ प्रतिशत जनता बीमाको पहुँचमा थिए । प्राधिकरण मधेश प्रदेश कार्यालयका सहायक निर्देशक निर्मल खनालले मधेश प्रदेशका नागरिकमा बीमा साक्षरतासम्बन्धी ज्ञानको कमी र सीमावर्ती बजारमा बीमा गर्ने परम्पराले बीमाको पहुँचमा कमी आएको बताउँछन् । 'मधेश प्रदेशमा उच्च गरिबी र अशिक्षाका कारण बीमा गर्नुपर्छ भन्ने सोचको विकास हुन सकेको छैन', उनले भने, 'भारतीय सीमावर्ती बजारका कारण सीमापारी बीमा गर्ने परिपाटीले मधेश प्रदेशमा बीमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढाउन सकिएको छैन ।' बीमाबाट अनुचित लाभ लिन खोज्ने प्रवृत्ति, बीमकको शाखा/उपशाखामा न्यून जनशक्ति र बीमासम्बन्धी गलत बुझाईले बीमालाई प्राथमिकता नदिँदा आकर्षण बढ्न सकेको छैन । निप्स ननलाइफ वीरगंजका अध्यक्ष धीरज शर्माले मधेश प्रदेशका जनता गरिबीको रेखामुनि र आर्थिक अवस्था कमजोर भएकाले राज्यकै तर्फबाट बीमा गर्ने संस्कारको विकास गर्न आवश्यक रहेको बताए । निप्स लाइफ वीरगंजका अध्यक्ष प्रमोदप्रसाद शाहले बीमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाको मारमा सर्वसाधारण पर्दा बीमाप्रतिको आकर्षण बढाउन नसकिएको बताए । 'अचेल बीमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाले बीमा गर्ने सर्वसाधारण मर्कामा परेका छन् । यस्ता विकृति–विसङ्गतिलाई प्राधिकरणले न्यूनीकरण गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।' बीमा गर्नेले बीमा कम्पनीलाई बीमाको प्रिमियम तिरेपनि तत्काल बीमाको दाबी भुक्तानी गर्नुपर्ने उनले बताए । 'बीमा दाबी भुक्तानी प्रक्रियागत झन्झट र लम्बेतान प्रक्रियाले सर्वसाधारणले समस्या भोगिरहेका छन् । सर्वसाधारणले भोगेका समस्या समाधान गर्न हामीले आवश्यक काम गर्दै आइरहेका छौँ', शाहले भने, 'बीमा कम्पनीले बीमाकर्ताबाट प्रिमियम लिएपछि भुक्तानी प्रक्रियालाई सहज बनाएर सर्वसाधारणलाई बीमाप्रति आकर्षण बढाउनेतर्फ आवश्यक कदम चाल्न जरुरी छ ।' प्राधिकरणले बीमा क्षेत्रमा देखिएका विकृति अन्त्य गर्न विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । कार्यालयका अनुसार मधेश प्रदेशमा २०८० चैत मसान्तसम्म जीवन बीमातर्फ दुई सय २५ शाखा कार्यालय रहेका छन् । त्यस्तै निर्जीवन बीमातर्फ एक सय २८ र माइक्रो जीवन बीमातर्फ सात र माइक्रो निर्जीवन बीमातर्फ चार गरी कुल तीन सय ६४ वटा बीमा कार्यालयका शाखा छन् । गत आवमा जीवन र निर्जीवन र अन्यतर्फ गरेर तीन सय ४० वटा शाखा कार्यालय रहेका थिए । बीमा कार्यालयहरुमा कुल एक हजार एक सय ६५ जनाले रोजगारी पाएका छन् । प्राधिकरणका अनुसार गत आवसम्म मधेश प्रदेशमा सक्रिय बीमालेख संख्या पाँच लाख ७४ हजार चार सय १२ रहेको थियो । मधेश प्रदेशमा चालु आवको चैत मसान्तसम्ममा कुल बीमा शुल्क सङ्कलन नौ अर्ब ८४ करोड रुपैयाँ रहेको छ । 'म्याचुरिटी' दाबी बीमालेख संख्या नौ हजार चार सय ७७ छ । मधेश प्रदेशमा 'सरेन्डर' बीमालेख संख्या नौ हजार चार सय ६५ छ ।

कार्यालयका अनुसार चालु आवमा दाबी भुक्तानी बीमालेख संख्या १५ हजार चार सय ५० रहेको छ । मधेश प्रदेशमा निर्जीवन सक्रिय बीमालेख संख्या दुई लाख ३८ हजार तीन सय ४१ छ । त्यस्तै निर्जीवन बीमातर्फ कुल बीमा शुल्क सङ्कलन एक अर्ब ९९ करोड रुपैयाँ रहेको छ । मधेश प्रदेशमा कुल 'ग्रेस क्लेम' बीमालेख संख्या छ हजार तीन सय ९४ रहेको छ । कुल दाबी भुक्तानी बीमालेख संख्या पाँच हजार १८ रहेको छ ।

# कांग्रेस पर्साको जिल्ला कार्य समिति विस्तार

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्साले जिल्ला कार्य समिति विस्तार गरेको छ । विस्तारित समितिमा थप ७ जनालाई चयन गरेको छ भने आमन्त्रित सदस्यमा थप १९ जना चयन भएका छन् । नेपाली कांग्रेसको विधान १७ संशोधनसहित नियमावली २०७६ अनुसार पर्साका सभापति जनाद्र्धन सिंह क्षेत्रीले जिल्ला कार्य समिति विस्तार गरेका हुन् । विस्तारित कार्य समितिको सदस्यमा दिना गुप्ता, शम्भु मिश्रा, एकवाल हुसेन ठकुराई, रामनिवास यादव, चुमन चौधरी, हरेन्द्र यादव र दिपेन्द्र कुमार कुर्मी रहेका छन् । त्यसैगरी आमन्त्रित सदस्यमा सुरेश मेहता, दिपनारायण रौनियार, अनुज चौधरी, प्रवेश सर्राफ, ग्यासुदिन ठकुराई, अजय पटेल, मनोज चौधरी, लिलावति देवी, रहना खातुन, चिनमाया लामा, बविता सिंह, सरफुन नेसा, मन्तुरा देवी थरुनी, संजय साह, सोनामति देवी यादव, राजमति देवी बरईनी, मन्जु देवी पटेल, रेखा चौधरी र संजय गुप्ता रहेका छन् ।

# हिन्दूवादीहरु राजनीतिक रुपमा सशक्त हुनुपर्छः यादव



**मधेशदृष्टि**
**बाँके ।**
नेपालगञ्जमा राष्ट्रिय एकता अभियानको जिल्ला सम्मेलन सम्पन्न भएको छ । अभियानले संघीय हिन्दू गणतन्त्रको स्थापना, चिनियाँ विस्तारवाद र धार्मिक अतिवादविरुद्ध चेतना जगाउने उदेश्यले सम्मेलन आयोजना गरेको बताएको छ । सम्मेलनमा अभियानका राष्ट्रिय अध्यक्ष विनय यादवले भने, 'अभियान नेपालको अखण्डता, संस्कृति र स्वाधीनताको रक्षा गर्न प्रतिबद्ध संस्था हो, हामी समृद्ध र शक्तिशाली हिन्दू राष्ट्र निर्माण गर्न अथक प्रयास गरिरहेका छौँ, र हामी गर्नेछौँ । कुनै पनि विदेशी शक्तिलाई हाम्रो देश कमजोर हुन दिँदैन् ।' देशको सम्पूर्ण राजनैतिक दल हिन्दू बिरोधी रहेकोले अब सम्पूर्ण हिन्दूवादीहरुले हिन्दूवादी राजनैतिक दलको निर्माणमा जुटनुको बिकल्प नरहेको यादवले बताए । हिन्दूवादीहरु समाजिक रुपमा अतिसक्रिय रहेको र अब राजनैतिक रुपले सशक्त हुनुपर्नेमा जोड दिए । सम्मेलन जिल्ला संयोजक राजकुमार रौनियारको अध्यक्षतामा भएको थियो भने प्रमुख अतिथिको रुपमा राष्ट्रिय अध्यक्ष विनय यादवको उपस्थिति रहेको थियो । विशिष्ट अतिथिमा समाजसेवी किशोर लामा लगायतको उपस्थिति थियो । नेपालमा हिन्दू गणतन्त्र स्थापना गर्न अभियानले सशक्त आन्दोलन गरिरहेको छ । सम्मेलनमा हिन्दू धर्मको महत्व र नेपालको राष्ट्रिय पहिचानमा यसको भूमिकाबारे प्रकाश पारिएको थियो ।

# अयोध्यास्थित राम मन्दिरका मुख्य आचार्यद्वारा वीरगंजका धार्मिक स्थलको अवलोकन

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको अयोध्यास्थित राम मन्दिरका मुख्य आचार्य दुर्गा प्रसाद गौतमले वीरगंजका धार्मिक स्थलमा अवलोकन गरेका छन् । वीरगंज आइपुगेका मुख्य आचार्य गौतमलाई बुधबार वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले विभिन्न धार्मिक स्थलको दर्शन गराएका थिए । वीरगंजको घडिअर्वास्थित रामजानकी मन्दिरसँगै, गीता मन्दिरमा दर्शन गर्दै मुख्य आचार्य गौतमले वीरगंज महानगरका प्रमुख सिंहको कार्यको सह्राना गरे ।



धार्मिक स्थलको अतिक्रमण मुक्त गर्नु र संरक्षण तथा प्रबद्र्धन गर्नमा वीरगंज महानगरले थालेको कदम अनुसरणीय रहेको बताउँदै उनले वीरगंजमा धार्मिक पर्यटनको बलियो सम्भावना रहेको बताए ।

साथै उनले वीरगंज महानगरसँगै अयोध्याको स्थानीय तथा प्रदेश सरकारबीच आपसी समन्वय गरेर अघि बढ्नुपर्नेमा जोड दिए ।

अयोध्या आउने दर्शनार्थीलाई वीरगंज पुग्ने र यहाँका धार्मिक स्थलको दर्शन गर्ने वातावरण निर्माण गर्नुका साथै यहाँका व्यक्तिलाई अयोध्या पुग्ने माहोल बनाउनुपर्ने कुरामा आचार्य गौतमले जोड दिए ।

भेटघाटको अवसरमा वीरगंज महानगरपालिकाका प्रमुख सिंहले अझै धेरै काम बाँकी रहेको बताए । वीरगंज महानगरपालिकालाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने गरी आफूले काम गरि रहेको नगर प्रमुख सिंहले बताए ।

सो अवसरमा वीरगंज महानगरपालिकाका सद्भावना दूत अशोक वैद्य, वीरगंज महानगर प्रमुखका प्रेस सल्लाहकार महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल लगायतको उपस्थिती रहेको थियो ।

# 'अयोध्यास्थित राममन्दिरमा नेपालको धनुष राख्न सकिन्छ'



**रासस**
**काठमाडौँ ।**
भारतको अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका महासचिव चंपत रायले निर्माणाधीन राममन्दिरमा बन्ने 'रामदरबार'मा नेपालको धनुष राख्न सकिने बताएका छन् । नेपाल भ्रमणमा रहेका उनले नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिसँगको भेटमा धनुषयज्ञमा आधारित अयोध्या र जनकपुर तथा सीता र रामको सम्बन्धलाई जीवन्तता दिन मन्दिरमा सो प्रतीक राख्न आफूले पहल गर्नेसमेत बताए । 'नेपाल र भारतको ऐतिहासिक सम्बन्ध छँदैछ, त्यसैमा अयोध्या र जनकपुरको विशिष्ठ सम्बन्ध छ ।

त्यो सम्बन्ध धनुषयज्ञमा आधारित राम र सीताको विवाहले सम्भव भएको हो', रायले भने, 'त्यसैले जनकपुरवासीका तर्फबाट धनुष प्रदान गरिएमा त्यसलाई ऐतिहासिक राममन्दिरको दोस्रो तलामा बन्ने रामदरबारमा राख्ने विषयमा मेरो पहल रहन्छ । त्यसले हाम्रो सम्बन्धलाई थप मजबुत बनाउने मेरो विश्वास छ ।' त्यसैगरी उनले नेपालको कालीगण्डकी नदीबाट उत्खनन गरी ल्याइएको शिला (देवशिला) बाट रामललाको मूर्ति बनाउने भनिए पनि कालिगढले केही प्राविधिक पक्ष देखाएर प्रयोग नगरेको समेत बताए । हाल सो शिलालाई दैनिक पूजाअर्चना गर्ने गरी रामसेवक पुरममा राखिएको उनको भनाइ छ ।

'हामीले मूर्ति बनाउने भनेरै नेपालको कालीगण्डकी नदीबाट शिला लिइएको कुरा सबैको जानकारी मै छ । त्यहाँ मूर्ति बनाउनेक्रममा कालिगढले केही प्राविधिक कारणले प्रयोगमा ल्याउने अवस्था भएन तर हाल नेपालको पहिचान झल्किने गरी दैनिक हजारौँ भक्तजनले पूजाअर्चना गर्ने ठाउँमा राखिएको छ ।

त्यसको महत्व, सम्मान र आस्थामा कमी हुन दिएका छैनौँ', उनले भने । त्यसक्रममा पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले सीताबिना राम र जनकपुरबिना अयोध्या अधुरो रहने भन्दै राममन्दिरमा राखिने धनुष नेपालकै हुनु अझ बढी सान्दर्भिक हुने बताए ।

उनले भने, 'भारतीय पक्षकै मागअनुसार नै हामी धनुषको स्वरुप, धातु, आकार बनाउन तयार छौँ । त्यसैले सीता र रामको सम्बन्धलाई सधैँ स्मरणीय राख्न पनि त्यहाँ नेपालको धनुष राख्नुपर्छ भन्ने हाम्रो मत हो । त्यसमा तपाईं (राय) को भूमिका महत्वपूर्ण छ ।' दुवैजनाबीच आगामी अक्टोबरमा द्विपक्षीय छलफल गरेर यो विषयलाई टुङ्ग्याउने सहमति भएको नेता निधिको सचिवालयले जनाएको छ ।

**मिथिला संस्कृति समाजद्वारा विभिन्न व्यक्ति सम्मानित**

मिथिला संस्कृति समाजले मिथिला र जनकपुरको सांस्कृतिक क्षेत्रमा सक्रिय विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । जमलस्थित राष्ट्रिय नाचघरमा समाजद्वारा आयोजित 'सीता प्राकट्य दिवस समारोह' मा बुधबार सम्मान गरिएको हो । त्यसअवसरमा जसमाडा रोणा झा, मिथिला नाट्यकला परिषद्की रिना रिमाल, पत्रकार अर्चना झा, कलाकार महेश कुमार, कृष्णकुमारी साहलगायतलाई सम्मान गरिएको हो । कार्यक्रममा राष्ट्रिय महिला आयोगकी सदस्य विद्याकुमारी सिन्हा, मधेशी आयोगकी सदस्य रेणुदेवी साह र मिथिला संस्कृति समाजका अध्यक्ष वीरेन्द्र ठाकुरले सम्मानपत्र हस्तान्तरण गरेका थिए । कार्यक्रममा मिथिला क्षेत्र र जनकपुरको सांस्कृतिक पक्षबारे चर्चा गरिएको थियो ।


## गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो

- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।



जनहितमे जारी सन्देश
मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन